सिधा सम्पर्क
01-४८११०८०
ग्राहक बन्नु परेमा,
नविकरण गर्नु परेमा,
ठेगाना परिवर्तन भएमा,
पत्रिका नियमित नआएमा।
लोकप्रिय राष्ट्रिय दैनिक राजधानी
बिहान १० बजेदेखि साँझ ५ बजेसम्म Ext. 108, 112



लोकप्रिय राष्ट्रिय दैनिक

# राजधानी

www.rajdhanidaily.com

वर्ष २३, अंक १२ | सोमबार २५ असार २०८०, नेपाल संवत् ११४३ | RAJDHANI Nepali National Daily | Monday 10 July 2023 | पृष्ठ : ८ | मूल्य रु. ५/-







## आरजु देउवा गिरफ्तार हुन्नन्

राजधानी समाचारदाता
काठमाडौं

आइतबार अपराह्नतिरबाट भुटानी शरणार्थी प्रकरण एकाएक चर्चाको चुलीमा पुग्यो । यस प्रकरणमा अभियुक्तका रूपमा पुर्पक्षका लागि थुनामा रहेका सन्देश शर्मा र जाहेरवाला गजेन्द्र बुढाथोकीबीच भएको भनिएको टेलिफोन वार्तालापमा सुनिएको आवाज सन्देश शर्माको नै भएको पुष्टि भएको भन्ने प्रहरी प्रधान कार्यालयको पत्र सार्वजनिक भयो ।



झन्डै डेढ मिनेटको वार्तालापमा कांग्रेस सभापति शेरबहादुर देउवाकी पत्नी एवं प्रतिनिधिसभा सदस्य डा. आरजु देउवालाई २ करोड र पूर्वगृहमन्त्री बालकृष्ण खाणकी पत्नी एवं अर्की प्रतिनिधिसभा मञ्जु खाँणलाई ६ करोड रुपैयाँ बुझाएको भनेर अभियुक्त सन्देश शर्माले भनेको स्पष्ट सुनिन्छ ।

आरजु देउवाले सो वार्तालापको टेप 'एनिमेटेड' भएको दाबी गर्दै अनुसन्धान गर्न प्रहरीमा निवेदन दिएकी थिइन् । हालै आरजुले आफ्नो उजुरीमाथिको अनुसन्धान कहाँ पुग्यो भनी ताकेता गरिछन् । प्रहरीले जनाएअनुसार आइतबार सार्वजनिक भएको प्रहरीको पत्र कुनै सार्वजनिक खपतका लागि नभई स्वयं आरजु देउवाको ताकेताको जवाफ हो । प्रहरी भन्छ, 'त्यो कसरी सार्वजनिक भयो हामीलाई थाहा छैन ।'

जे होस्, सो पत्र सार्वजनिक भएपछि चर्चाको चुलीमा पुग्यो । अनायास आरजु देउवा र मञ्जु खाँण गिरफ्तार हुनेसम्मका अनुमान र अपेक्षाले शिखर चुम्यो ।

बाँकी पृष्ठ ५ मा ▸▸

### संसद् खोल्ने प्रयास निरर्थक

# बिहान सहमति, दिउँसो रडाको

राजधानी संवाददाता
काठमाडौं



अवरुद्ध सदन खुलाउन आइतबार प्रमुख तीन दलका शीर्ष नेताबीच 'सहमति' भए पनि बैठकपछि प्रमुख विपक्षी दल एमालेले नयाँ सर्त अघि सार्दा आइतबार बस्ने भनिएको बैठक सोमबारसम्मका लागि स्थगित गरिएको छ ।

प्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', कांग्रेस सभापति शेरबहादुर देउवा र प्रमुख विपक्षी दल एमाले अध्यक्ष केपी शर्मा ओलीबीच सिंहदरबारमा भएको २ घण्टा लामो छलफलमा एमालेले संसद्को अवरोध हटाउने र प्रधानमन्त्री दाहालले आफ्नो अभिव्यक्तिबारे सदनमा स्पष्टीकरण दिने सहमति भएको थियो । सो सहमतिपछि आइतबार १ बजेका लागि बोलाइएको बैठक ३ बजेलाई सारिएको पनि थियो । तर, सिंहदरबारमा भएको सहमति आधा घण्टापछि नै 'एमालेले नमान्दा' संसद बैठक बस्न नसकेको हो ।

आखिर किन बैठक सकिएको आधा घण्टामै एमाले तीन शीर्ष नेताहरूको भेटवार्ता र छलफलको सहमतिबाट 'युटर्न' भयो त ?

'प्रधानमन्त्रीले अभिव्यक्ति फिर्ता लिनुहुन्छ भने हामी पनि संसद् अवरुद्ध गर्दैनौं' भनेका ओली किन आफ्नो पूर्ववत् भनाइमा अडिन सकेनन् त ? प्रधानमन्त्री दाहाल र कांग्रेस सभापति देउवासँग के समझदारी भयो भन्ने सञ्चारकर्मीको जिज्ञासामा 'भरे देख्नुहुन्छ...' भन्ने जवाफ दिएका ओली किन पछि हटे त ?

स्रोतहरूका अनुसार, सिंहदरबारबाट सहमति गरेर निस्केको आधा घण्टामै एमाले अध्यक्ष ओलीले प्रधानमन्त्री दाहाललाई फोन गरेर संसद् बैठक सञ्चालनका लागि थप सर्त अघि सारेका थिए । सर्त पूरा नभए बैठक सञ्चालन गर्न नदिने पनि बताएका थिए ।

शीर्ष नेताको बैठकमा संसद् सञ्चालनका लागि हाँसीखुसी निस्किएका एमाले अध्यक्ष ओलीको असन्तुष्टि प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यले जारी गरेको विज्ञप्ति र उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले ट्वीटरमा लेखेको विषय थियो ।

एमालेले संसद् अवरोध गरेपछि प्रेस सल्लाहकार आचार्यले प्रधानमन्त्री दाहालको अभिव्यक्तिलाई लिएर प्रेस विज्ञप्ति जारी गरेका थिए । प्रेस सल्लाहकार आचार्यले पुस्तक विमोचनको प्रसंग लिएर प्रमुख प्रतिपक्षी दलले नियोजित रूपमा संसद् अवरोध गर्दा मिटरब्याजीलाई कारबाही गर्न ल्याइएको विधेयक संसद्बाट पारित नभई निष्क्रिय हुँदा मिटरब्याजपीडित लाखौं नेपाली किसानको न्यायप्राप्तिको अपेक्षामा गम्भीर आघात पुगेको, संकुचित राजनीतिक मानसिकताका साथ प्रधानमन्त्रीको राजीनामा मागेर संसद् अवरुद्ध गर्नु सुशासन, समृद्धि र सामाजिक न्यायका पक्षमा सरकारले चालेका कदमको विरोध र सिंगो संसद्को नै अपमान हुन जाने तथ्यसमेत हेक्का राख्नुपर्ने र यस्ता कुनै पनि प्रकारका भ्रमबाट मुक्त रहन तथा सरकारको सुशासन अभियानमा ऐक्यबद्धता व्यक्त गर्न सबैमा अपिल गरेका थिए ।

उपप्रधानमन्त्री एवं गृहमन्त्री श्रेष्ठले भने संसद् बैठक अवरोधका कारण प्रतिनिधिसभाबाट मिटरब्याजसम्बन्धी विधेयक पारित हुन नदिएको भन्दै आक्रोश व्यक्त गरेका थिए । गृहमन्त्री श्रेष्ठले यसबाट को पीडित जनताको पक्षमा र को विपक्षमा रहेको छ भन्ने स्पष्ट भएको समेत उल्लेख गरेका थिए । सामाजिक सञ्जाल फेसबुकमा गत बुधबार स्टाटस लेख्दै गृहमन्त्री श्रेष्ठले भनेका थिए, 'आज प्रतिनिधिसभाबाट मिटरब्याजसम्बन्धी विधेयक पारित हुनुपर्थ्यो । तर गरिएन । आजैदेखि यस सम्बन्धमा जारी गरिएको अध्यादेश निष्क्रिय भएको छ । यसबाट को पीडित जनताको पक्षमा छ र को विपक्षमा छ भन्ने स्पष्ट भएको छ ।' मन्त्री श्रेष्ठले थप भनेका थिए, 'तर, सामन्ती शोषणको यो अवशेषलाई हरहालतमा अन्त्य गरिनेछ । पीडितलाई न्याय दिने यो अभियानलाई असफल पारियो भनेर पीडक वा तिनका पक्षधरले सोचेका छन् भने त्यो ठूलो भ्रम हो । पीडितलाई न्याय नदिलाई विश्राम लिइनेछैन ।'

एमाले अध्यक्ष ओलीले प्रधानमन्त्री दाहालसमक्ष टेलिफोन सम्पर्कमा प्रेस सल्लाहकार आचार्यलाई हटाउनुपर्ने र उपप्रधानमन्त्री एवं गृहमन्त्री श्रेष्ठले माफी मागे मात्रै सहमति कार्यान्वयन हुने अडान राखेका थिए ।

बाँकी पृष्ठ ५ मा ▸▸

## किन एसियन हाइवे विस्तारको विपक्षमा छन् हेटौंडावासी ?

### उमहानगर प्रमुख लामाको भनाइपछि जनप्रतिनिधिविरुद्ध नै खनिए स्थानीय



सरिता दाहाल/राजधानी
चुरे (मकवानपुर)

एसियन हाइवेको सवाल बेलाबेलामा तात्ने र ओझेल पर्ने गरेको छ । मकवानपुरमा दुई सातायता फेरि यसबारे दिनदिनै दबाब सुरु भएको छ ।

गत १० असारमा संघीय सरकारअन्तर्गतको डिभिजन सडक कार्यालय मकवानपुरले राजमार्ग विस्तारबारे ३५ दिने सूचना जारी गरेपछि यो सवाल फेरि तातेको हो । तोकिएको म्याद सकिन अब २१ दिन मात्रै बाँकी छ ।

सर्वोच्च अदालतको आदेशबमोजिम क्षतिपूर्तिको ग्यारेन्टी गर्नुपर्ने, जनता सुकुमबासी नहुने विकल्पको खोजी गर्नुपर्ने, सर्वोच्च अदालतको आदेशबमोजिम जाँचबुझसहित विवरण यकिन गर्नुपर्ने मागसहित बसोबास संरक्षण समिति संघर्षमा छ ।

हेटौंडा बसोबास संरक्षण समितिले जनतालाई सुकुमबासी बनाउन नपाइने भन्दै व्यक्तिगत सम्पत्तिमाथिको मौलिक हक सुनिश्चित गर्न माग गरेको हो । यसबारे हेटौंडा उपमहानगरपालिकाले आफूहरूलाई सहयोग नगरेको भन्दै स्थानीय हेटौंडाका जनप्रतिनिधिविरुद्ध खनिन थालेका छन् ।

आइतबार पनि मकवानपुर उद्योग वाणिज्य संघ, हेटौंडा बसोबास संरक्षण मूल समितिले स्थानीय सरकारविरुद्ध नाराबाजी गरेका छन् । एसियन हाइवे विस्तार गर्ने कार्यको विरोधमा रहेका उनीहरूले हेटौंडा उपमहानगरका प्रमुख, उपप्रमुखविरुद्ध नाराबाजी गरेका हुन् ।

३५ दिने सूचना जारी गरेपछि हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाले एक सार्वजनिक कार्यक्रममा भाषणको क्रममा आफू सडक विस्तार गर्न तयार रहेको बताएपछि यहाँका स्थानीय जुर्मराएका हुन् । उपमहानगर प्रमुख लामालाई भेटेर ध्यानाकर्षण गराउन आएका स्थानीय प्रमुख र उपप्रमुख दुवैले समय नदिएपछि संघर्ष समिति अध्यक्ष कृष्णकुमार गुप्ताले प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईंलाई ज्ञापनपत्र बुझाएका थिए ।

प्रमुख लामा र उपप्रमुख राजेश बानियाँ दुवैले आफूहरूलाई नटेरेको भन्दै उनीहरूले प्रमुख र उपप्रमुखविरुद्ध नै नाराबाजी गरेका थिए । राजमार्ग विस्तारको समयमा आफूहरू प्रमुखसँग भिड्न तयार रहेको र यसबाट हुन सक्ने भौतिक क्षतिको जिम्मेवार स्थानीय सरकार हुने चेतावनी उनीहरूले दिएका छन् ।

आइतबारको विरोध र्‍यालीका क्रममा बजार परिक्रमा गरी हेटौंडा उपमहानगर पालिका कार्यालय र सडक डिभिजन कार्यालयमा ज्ञापनपत्र बुझाएको हेटौंडा बसोबास संरक्षण मूल समिति संयोजक गुप्ताले बताए ।

बाँकी पृष्ठ २ मा ▸▸

## उनकै गीत गाउँदै बिदा गरियो रकस्टार रबिनलाई



डब्बु क्षत्री/राजधानी
काठमाडौं

नेपाली रकस्टार रबिन तामाङको पार्थिव शरीर नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको प्रांगणमा राखिएको थियो । आइतबार बिहान १० बज्दै थियो । उनीप्रति श्रद्धासुमन गर्न आउनेहरूको क्रम जारी थियो । सोही क्रममा हातमा गितार बोकेर नेपाल संगीत पाठशालाका एक हुल नवप्रवेशी गायक गायिका त्यहाँ आए । रबिनको पार्थिव शरीरको अघि बसेर उनीहरूले गितार बजाउन सुरु गरे ।

अनि सुरु भयो रबिनका गीत गाउने क्रम । सँगै रहेका अग्रज रक संगीतकर्मी देव राना, ज्योति घिमिरे, मुक्ति, कवीन्द्र श्रेष्ठदेखि आधुनिक संगीत क्षेत्रका विभिन्न हस्तीले ती विद्यार्थीसँगै एउटै स्वरमा रबिनको केटाकेटी गीत गाए । मधुर धुनमा उनीहरू गीत गाइरहँदा रबिनको पार्थिव शरीरछेउमै चीर निन्द्रामा थियो । नजिकै रबिनका दुई छोरी र आफन्तको रोदन रोकिएको थियो ।

केटाकेटी गीत सकिना साथ उनीहरूले फेरि रबिनको अर्को गीत नेपाल... गाउन सुरु गरे । पहिलो गीत मलिन स्वरमा गाएका कलाकार यो गीतमा भने निकै जोसिला देखिए । दर्शकले यो गीत गाउने क्रममा उनीहरूलाई तालीले साथ दिए । नेपालको झन्डा फहराउँदै तालीका साथ यो गीत पनि गाए । यो गीत सकिँदैसम्म धेरैको आँखामा आँसु थियो । रबिनको गीत गाएर आफ्नो प्रिय स्रष्टालाई अन्तिम बिदाइ गर्न उनीहरूलाई गाह्रो भइरहेको थियो । तथापि, गहभरी आँसु पुछ्दै एकपछि अर्को गर्दै उनीहरूले रकस्टार रबिन तामाङको पार्थिव शरीरमा फुलको गुच्छा अर्पण गर्दै उनलाई अन्तिम बिदाइ गरे ।

नेपाल प्रज्ञा प्रतिष्ठान तथा अन्य स्थानमा यी रकस्टारको पार्थिव शरीर श्रद्धाञ्जलीका लागि राख्न दिइएन । सोही कारण आइतबार बिहान ९ बजे त्रिवि शिक्षण अस्पतालबाट उनको पार्थिव शरीर सोझै संगीत नाट्य प्रज्ञा प्रतिष्ठानको प्रांगणमा राखियो ।

बाँकी पृष्ठ ५ मा ▸▸

समाजवादी मोर्चा

# कांग्रेस र एमालेसँग पालैपालो मोलमोलाइ, सत्तादोहन मात्रै उद्देश्य




सुभाष साह/राजधानी
काठमाडौं

- समाजवादी मोर्चा गठन भएपछि डा. बाबुराम भट्टराई र प्रभु साह आक्रोशित
- अग्रगामी मोर्चा गठन गरिने

विभिन्न चार दलले गठन गरेको 'समाजवादी मोर्चा' सत्तादोहन र सत्ता लम्ब्याउन मात्रै भएको टिप्पणी हुन थालेको छ । समाजवादी मोर्चाको कुनै स्पष्ट सोच नभएको र सिर्फ अंकगणितको आधारमा कांग्रेस र एमालेसँग मोलमोलाइ गरेर सत्तादोहनका लागि मात्रै भएको छ ।

नेपाल समाजवादी पार्टी (नेसपा)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई र आमजनता पार्टी (आजपा)का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले समाजवादी मोर्चा सत्तादोहन र सत्ता लम्ब्याउन मात्रै भएको टिप्पणी गरेका छन् ।

समाजवादी मोर्चामा सामेल नहुने भन्दै डा. भट्टराई र साहले अग्रगामी मोर्चा गठन गर्ने उद्घोषसमेत गरेको छन्। भट्टराई र साह दुवै नेता माओवादीले जनयुद्ध गर्दा एउटै पार्टीमा थिए । छुटाछुटै समयमा माओवादीबाट विद्रोह गर्दै उनीहरू छुटाछुटै दल गठन गरेका छन् ।

'नयाँ युगको नयाँ ढंगको समाजवादबारे कुनै स्पष्ट सोच नभएको र सिर्फ अंकगणितका आधारमा कांग्रेस र एमालेसँग पालैपालो मोलमोलाइ गरेर सत्तादोहन गर्ने मात्र त्यसको आशय देखिएकाले त्यसमा हामी संलग्न हुने प्रश्नै उठेन । किनकि त्यो समाजवादको उदात्त ध्येयप्रति नै ठूलो घात हो,' सामाजिक सञ्जालमा डा. भट्टराईले लेखेका छन् ।

अध्यक्ष भट्टराईले आफू पुराना नभई नयाँ शक्तितिर लाग्ने बताएका छन्। समाजवादी मोर्चासँग नजोडिएको विषयलाई स्पष्ट पार्दै उनले पुराना शक्ति अर्थात् माओवादी केन्द्रलगायतसँग नजोडिने प्रस्ट पारेका हुन्।

'जहाँसम्म हामी नयाँ शक्तितिर कि पुरानो शक्तितिर भन्ने प्रश्न छ, हामी नै वास्तवमा वैचारिक रूपले गत एक दशकदेखि देशमा नयाँ वैकल्पिक राजनीति/शक्तिका प्रमुख प्रवर्तक भएकाले हामी नयाँ वैकल्पिक शक्ति निर्माणकै पक्षमा रहेको र रहने कुरा स्वतः स्पष्ट छ,' भट्टराईले भनेका छन् ।

आफ्ना धेरै शुभेच्छुक विशेषतः माओवादी आन्दोलनमा लागेकाले आफैंले अघि सारेको समाजवादी केन्द्र वा समाजवादी मोर्चाबाट किन अलग भएको भनेर प्रश्न गरिरहेको बताउँदै उनले स्पष्ट पार्न आवश्यक रहेको बताएका छन् ।

संविधान जारी भएपछि उपलब्धिको रक्षा गर्दै सुशासन र समृद्धिको जगमा समुन्नत समाजवाद निर्माण गर्न नयाँ ढंगको समाजवादी केन्द्र वा समाजवादी मोर्चा आवश्यक रहेको आफूले नै बताएको उनले उल्लेख गरेका छन् ।

'सकेसम्म पुराना शक्तिको रूपान्तरणबाटै त्यस्तो शक्ति बन्न सके सहज हुन्छ भन्ने इमानदार प्रयत्न हामीले गरेकै हो । त्यस निम्ति गम्भीर प्रकृतिको वैचारिक-राजनीतिक छलफलको आग्रह पनि गरेकै हो । परन्तु पुराना शक्तिमा एकाधिकार जमाएर बसेका नेताको वैचारिक-राजनीतिक विषयप्रतिको अरुचि/अनिच्छा र खाली तत्कालीन संसदीय अंकगणितप्रतिको अतिशय लिप्साको प्रतिफल स्वरूप हामीसँग कुनै परामर्श र छलफलबिनै रहस्यमय ढंगले कथित 'समाजवादी मोर्चा' को एकतर्फी घोषणा हुन पुग्यो,' भट्टराईले भनेका छन् ।

यस्तै, भट्टराईले जनता समाजवादी पार्टी नेपाल (जसपा)सँग सहकार्य गर्दा आफ्नो छवि धमिलिएको स्वीकार गरेका छन् । त्यसमा आफूले आत्मालोचनासहित त्यसलाई सच्याउने काम गरिसकेको उल्लेख गरेका छन् ।

'नयाँ युगको र देशको आवश्यकताअनुरूप हामी देशमा उदाउँदै गरेका सबै अग्रगामी नयाँ शक्तिसँग सहकार्य गर्दै बृहद् नयाँ वैकल्पिक शक्ति निर्माणमा प्रतिबद्ध रहेको र रहने कुरा द्विविधारहित ढंगले स्पष्ट पार्न चाहन्छौं,' उनले भनेका छन् ।

आजपा अध्यक्ष साहले समाजवादी मोर्चाको कुनै औचित्य नै नभएको टिप्पणी गरेका छन् । लोकतन्त्रको कुरा गर्नुको साटो समाजवादको कुरा गरेर जनतालाई ढाँट्ने काम मात्र भइरहेको उनले जिकिर गरे । जनतालाई गुमराहमा राख्न कथित समाजवादीको विषय उठाइएको दाबी उनले गरेका छन् ।

'नेपालमा लोकतन्त्र छैन, दलतन्त्र छ । जनताको शासनका लागि दलतन्त्र फाल्ने लक्ष्य लिनुपर्नेमा जनतालाई गुमराह बनाउन कथित समाजवादको विषय उठेको छ,' अध्यक्ष साहले भने, 'आज लोकतन्त्रको कुरा गर्नुको सट्टा समाजवादको कुरा गर्नु जनतालाई ढाँट्नुबाहेक अरू केही पनि होइन । त्यसैले अहिले समाजवादी मोर्चाको कुनै औचित्य छैन ।'

जनतालाई शक्तिशाली बनाएर विकास, समृद्धि, सुशासनको प्रत्याभूति गराउन लागिपर्नेमा झुटको खेती गर्न समाजवादी मोर्चाको हावा फैलाउन लागिएको उनको ठहर छ। साहले अहिले देशमा अग्रगामी मोर्चाको आवश्यकता रहेको बताए। छिटै नै अग्रगामी मोर्चा गठन हुने बताउँदै उनले आफूहरू त्यसका लागि आन्तरिक गृहकार्यमा रहेको बताए ।

लामो समयको गृहकार्य एवं छलफलपश्चात् ४ असारमा समाजवादी मोर्चाको घोषणा भएको थियो । मोर्चामा नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी (जसपा) र विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी रहेको छ । समाजवादी मोर्चासँग प्रतिनिधि सभामा ५४ सिट रहेको छ ।

ललिता निवास प्रकरण

# सीआईबीको राडारमा देखिएका धमाधम पक्राउ पर्दै

निराजन पौडेल/राजधानी
काठमाडौं

बालुवाटारस्थित ललिता निवासको १ सय ४३ रोपनी जग्गा अनियमितता प्रकरणमा मुछिएका धमाधम पक्राउ पर्न थालेका छन् । आइतबार मात्रै प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो सीआईबीले तीन जनालाई पक्राउ गरेसँगै सो प्रकरणमा पक्राउ हुनेको संख्या १२ पुगेको छ ।

आइतबार पक्राउ पर्नेमा समरजंग कम्पनीका तत्कालीन प्रमुख लोकहरि घिमिरे र नापी अधिकृत ध्रुवप्रसाद अर्याल, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव कृष्णबहादुर राउत पक्राउ परेका छन् । घिमिरेलाई भक्तपुर र अर्याललाई कलंकीबाट र राउतलाई काठमाडौंबाट विराटनगर जाने क्रममा त्रिभुवन विमानस्थलबाट पक्राउ गरिएको एसएसपी दिनेश आचार्यले जानकारी दिए ।




यो प्रकरणमा यसअघि भाटभटेनी सुपर मार्केटका सञ्चालक मीनबहादुर गुरुङ, निर्वाचन आयोगका पूर्वआयुक्त सुधीकुमार शाह, गोपाल कार्की र धर्मप्रसाद गौतम, काठमाडौं महानगरपालिकाका अधिकृत शिवजी भट्टराई, घमनकुमार कार्की, बाबुराजा महर्जन, समरजंग कम्पनीका तत्कालीन प्रमुख तथा नासु रमेशकुमार पोखरेल, मोही देवनारायण महर्जन गरी नौ जना पक्राउ परेका थिए ।

ललितानिवास जग्गा प्रकरणमा अख्तियार दुरुपयोगको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०७६ माघमा १ सय ७५ जनालाई प्रतिवादी बनाउँदै मुद्दा दायर गरिसकेको छ । चारपटकमा गरी सरकारी जग्गा व्यक्तिको नाममा ल्याइएको पाइएकाले लिखतसम्बन्धी चारवटा कीर्ते कसुरमा मुद्दा चलाउने तयारी सीआईबीको छ। सीआईबीले भने ४ सय ६ जनाविरुद्ध पक्राउ पुर्जी जारी गराउँदै अनुसन्धान अघि बढाएको हो ।

ललिता निवासको जग्गा व्यक्तिको नाममा ल्याउनेदेखि गुठीमासमेत ल्याएर हत्याउने खेल चार 'चरण'मा पूरा गरेको सीआईबीको निष्कर्ष छ । सीआईबीको अनुसन्धान रिपोर्टअनुसार २० वर्षको अवधिमा ४ चरणमा सो जग्गा हत्याइएको छ । २०४९, २०६२, २०६७ र २०६९ सालमा गरी चारपटक सरकारी जग्गालाई व्यक्ति र गुठीको नाममा ल्याएर व्यक्तिको नाममा कायम गरेको तथ्य भेटेको जनाएको छ ।

२०४९ सालमा १ सय १२ रोपनी ४ आना १ पैसा जग्गा हिनामिना भएको थियो । २०४९ कात्तिक २५ मा मालपोत कार्यालय डिल्लीबजार मिसिल नम्बर १०२४ अन्तर्गत २६ रोपनी ६ आना १ पैसा जग्गा सुवर्णशमशेरका हकवाला भन्दै सुनीति राणा, शैलजा राणा, रुक्मशमशेरसमेतको नाममा जग्गा दर्ता गर्ने निर्णय गरेको देखिन्छ । यसरी २६ वटा कित्ता जग्गा राणा परिवारको नाममा दर्ता गरिएको थियो ।

२०४९ कात्तिक २५ मा नै मिसिल नम्बर १०२५ अन्तर्गत ४९ रोपनी ३ पैसा जग्गा शैलजा राणा, हेमनशमशेर, हाटकशमशेरको संयुक्त नाम दर्ता गर्ने निर्णय गरिएको थियो । यसमा २७ कित्ता जग्गा थिए । २०४९ पुस २९ मा नै मिसिल नम्बर १०२४ अन्तर्गत २८ रोपनी १५ आना १ पैसा जग्गा रुक्मशमशेर, शैलजा राणा र सुनीति राणा संयुक्त रूपमा दर्ता गर्ने निर्णय भएको थियो । यसमा १९ कित्ता थिए । २०४९ पुस २३ मा नै १०२५ नम्बरको मिसिल खडा गरी ७ रोपनी १४ आना जग्गा शैलजा राणा, हेमनशमशेर र हाटकशमशेरको संयुक्त नाममा नाम सारी गर्ने निर्णय मालपोत भएको देखिन्छ । यसमा चार कित्ता थिए ।

ललिता निवास जग्गा प्रकरणमा सीआईबीले अनुसन्धान गर्दा मिसिल नम्बर १०२४ र १०२५ नै गायब पारिएका भेटिएको छ । मुद्दा नम्बर २६ (छुट जग्गा दर्ता)मा १२ आना २ पैसा जग्गा हिनामिना भएको छ र यसबारे अनुसन्धान गर्न १३ जनाविरुद्ध पक्राउ पुर्जी जारी भएको छ । यो बेला सुनीति राणाको नाम छुट दर्ता गरिएको थियो ।

२०१८ सालमा तत्कालीन श्री ५ को सरकारले राज्यविरुद्ध गतिविधि गरेको भन्दै राणाहरूको जग्गा जफत गरेको थियो ।

त्यसपछि २०२१ सालमा सरकारलाई जग्गा आवश्यक रहेको भन्दै ६ वटा दरबार अधिग्रहण गरिएको थियो । सरकारी प्रयोगमा आवश्यक हुने भन्दै २०२१ मंसिर १७ गते भरत समशेर, सुवर्ण समशेरलगायतको नामको घरजग्गा क्षतिपूर्ति दिएर तत्कालीन गृह पञ्चायत मन्त्रालयले अधिग्रहण गरेको थियो ।

२०१८ मा जफत र २०२१ मा अधिग्रहण गरिएको जग्गामध्ये केही जग्गा नै २०४७ सालपछि व्यक्तिको नाममा लगेर हत्याएको पाइएको छ । २०४७ सालको अन्तिरम सरकारका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई नेतृत्वको सरकारले जफत गरिएका जग्गामध्ये प्रजातन्त्र ल्याउन लड्ने, हदबन्दीभित्र पर्ने र गृह मन्त्रालयको टोलीले छानबिन गरेपछि फिर्ता गर्नुपर्ने देखिएमा फिर्ता गर्ने निर्णय गरेको थियो । त्यही निर्णयलाई देखाउँदै तत्कालीन सरकारले तोकेका तीनवटै मापदण्ड पूरा नगरी व्यक्ति तथा गुठीको नाममा ल्याएर १ सय ४३ रोपनी सरकारी जग्गा व्यक्तिको नाममा गराइएको पाइएको सीआईबीको निष्कर्ष छ ।

अन्तरिम सरकारको सो निर्णयपछि मालपोतमा लेखनदासको काम गर्दै आएका रामकुमार सुवेदी र शोभाकान्त ढकालको योजनामा नक्कली मोही खडा गरेर २०४९ सालदेखि सरकारी जग्गा व्यक्तिको नाममा ल्याइएको खुलेको छ । यसको मुख्य योजनाकार नै सुवेदी दम्पत्ति र ढकाल रहेको सीआईबीले दाबी छ । त्यसपछि २०६२ सालमा सुनीति राणा र हेमाद्री शमशेर राणाको नाममा जग्गा ल्याइएको थियो । त्यसबेला सुनीतिको नाममा १२ आना जग्गा छुट भन्दै दर्ता गराइएको खुलेको छ ।

## किन एसियन..

मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष अनिल अग्रवाल, पूर्वअध्यक्ष अरुणराज सुमार्गी, बागमती प्रदेशसभा सदस्य लक्ष्मी श्रेष्ठ, पीडित उद्योगी, घरधनी, व्यवसायी आ-आफ्नो पसल व्यवसाय बन्द गरी विरोध कार्यक्रममा सहभागी भएका थिए ।

चार दशकदेखि विवादको अवस्थामा रहेको राजमार्ग विस्तारको सवाल नगर प्रमुख लामाकै कारण आगोमा घिउ थपेजस्तो भएको हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देलले बताए । 'नगर प्रमुख लामा चुपचाप बसेर संघीय सरकारलाई सहयोग गर्नुपर्थ्यो, उनले आफू तयार छु भनेर नबोलेको भए हुन्थ्यो, उनको बोलीपछि यो स्थिति आएको हो,' वडाध्यक्ष सिग्देलले भने, 'यो केटाकेटी खेलाई जस्तो भयो, उहाँले अवस्था बुझेर बोल्नुपर्थ्यो ।'

राजमार्ग विस्तार गर्दा हेटौंडा बजारको वडा नम्बर ४ को क्षेत्र बढी पर्छ ।

मकवानपुरको हेटौंडा उपमहानगरपालिका क्षेत्रको मुख्य बजार क्षेत्रको राजमार्ग क्षेत्रमा परेका संरचना भत्काउन सडक डिभिजन कार्यालय हेटौंडाले १० असारमा सूचना प्रकाशित गरेको थियो ।

पूर्वपश्चिम महेन्द्र राजमार्गअन्तर्गत हेटौंडाको रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्मको संरचना भत्काउन पत्रिकामा सूचना प्रकाशित गरिएको हो । सूचना प्रकाशन गर्ने र काम गर्न नसक्ने कारण यो पाटो विवादमै अल्झिँदै आएको छ ।

यसअघि पनि हरेक वर्ष हेटौंडा बजार क्षेत्रका संरचना भत्काउने भनेर सडक डिभिजन कार्यालय हेटौंडाले सूचना प्रकाशित गरेको भए पनि भत्काउन सकेको थिएन । हरेक वर्ष सडक डिभिजन कार्यालयले राजमार्ग क्षेत्रका संरचना भत्काउन सूचना जारी गर्ने र मकवानपुर उद्योग वाणिज्य संघको नेतृत्वमा आन्दोलन हुने मात्र गरेको छ ।

चार दशकदेखि विवादित र टुंगो लाग्न नसकेको विषय हो राजमार्ग २५ मिटर चौडा पार्ने विषय । विभिन्न सहरको राजमार्ग चौडा गरिँदा मकवानपुरको हेटौंडा क्षेत्र चौडा पार्ने विषय अन्योलमा नै रहँदै आएको छ। यो विषयले टुंगो नपाउँदा पीडितहरू आफ्नो घर जग्गाको स्वामित्व नै पूर्ण सदुपयोग गर्न नपाएको भन्दै समयसमयमा आन्दोलित हुँदै आएका छन् । साँघुरो सडक र घना बस्ती रहेको हेटौंडा बजार मानवीय बस्तीका रूपमा विकास गरेर बजारको बाइपासबाट बाटो लैजाने वा बजारको मध्यमा रहेको बाटोलाई चौडा गर्ने भन्नेबारे विवाद अझै कायम छ ।

पूर्वमुख्यमन्त्री डोरमणि पौडेल नेतृत्वको सरकारले हेटौंडा-१५ को रातोमाटेदेखि हेटौंडा-१० राप्ती पुलसम्म बाइपास बाटो विस्तार गर्ने विकल्प अघि सारेको थियो । सो विकल्प कार्यान्वयन गर्दै प्रदेश सरकारले दुई वर्षअघि बजेटको व्यवस्था गरी मुख्य राजमार्गमा जोड्ने गरी ट्र्याक 'ओपन' गरिसकेको छ ।

मकवानपुर उद्योग वाणिज्य संघले व्यापारीको हित मध्यनजर गर्दै २५ मिटरको विकल्पमा १५ मिटर भत्काउने सहमतिसहितको ज्ञापनपत्र दुई वर्षअगाडि नै संघीय सरकारको भौतिक मन्त्रालयमा बुझाइसकेको छ । संघले विवादमा रहेका कारण आफूहरूले व्यापार व्यवसाय सञ्चालन गर्न, बैंकिङ कारोबार सञ्चालन गर्न समस्या झेल्नुपरेको र लामो समयदेखि घरजग्गा बिक्री वितरणमा समेत रोकावट आएका कारण यसको चाँडोभन्दा चाँडो छिनोफानो लगाउन माग गर्दै तत्कालीन भौतिक योजनामन्त्रीलाई ज्ञापनपत्र बुझाएको थियो । तर, त्यसको पनि कुनै पहल कदमी अघि बढेन ।

सडक दायाँबायाँ २५/२५ मिटर विस्तार गर्ने कार्यका लागि सडक विभागले तथ्यांकसमेत संकलन गरेर गरेर सार्वजनिक गरिसकेको छ । तीन वर्षअगाडि मकवानपुरको मनहरी बजार र बारा जिल्लाको सिमानाबाट बाटो चौडा कार्य सुरु गरेको थियो । दुवैतर्फबाट चौडा गर्दै आएको बाटो हेटौंडा बजारको मुख्य क्षेत्र प्रवेश गर्दै गर्दा बजारवासीले अदालतमा रिट हालेपछि अदालतले तत्कालका लागि काम रोक्न आदेश दिएको थियो । त्यसपछि सडक चौडा गर्ने काम रोकिएको थियो ।

डिभिजन सडक कार्यालयले बजारको २५ मिटर क्षेत्रभित्र रहेको बैंक तथा वित्तीय संस्थालाई कार्यालय सार्न पत्र काटेपछि बैंकिङ कार्यालय मुख्य राजमार्गबाट अन्यत्र सरिसकेका छन् । डिभिजन सडक कार्यालयका अनुसार हेटौंडाको मेनरोडमा पर्ने डेढ दर्जन बैंक र केही सरकारी कार्यालयलाई २५ मिटर क्षेत्रबाट सरेका छन् ।


सडक अतिक्रमण गरिएका चुरियामाईदेखि लोधरसम्म ४० किलोमिटर क्षेत्रमा सयौं घरटहरा भत्काउनुपर्ने सडक कार्यालयले लगत सार्वजनिक गरिसकेको छ । ढिलोचाँडो सडक सबैलाई फराकिलो चाहिन्छ, २५ मिटर नभई १५ मिटर भत्काउने सहमति व्यवसायीले दिएका छन् ।



**खण्डहर तातोपानी**

# माथि भिर तल खोला, के गरेर खाने होला ?

**चहलपहल शून्यजस्तै छ । कुनै समय निकै व्यस्त रहने यो नाकामा रहेका अध्यागमन कार्यालय, बैंक, उद्योग वाणिज्य संघलगायत प्रशासनिक तथा संस्थाका भुत्रा साइनबोर्ड देखिने घर खाली अवस्थामा छन्**



**हेमन्त जोशी/ रासस**
सिन्धुपाल्चोक

जर्जर सडक, सुनसान बजार । जीर्ण घर र शैवाल लागेका भित्ता । भुत्रिएर रङ खुइलिसकेका केही धान साइनबोर्ड...। कुनै 'हरर सिनेमा' मा देखाइने दृश्यको जस्तो नियतिबाट गुज्रिहेको छ नेपाल र चीन जोड्ने उत्तरी नाकास्थित तातोपानी बजार ।

२०७२ साल वैशाखको भूकम्प अघिसम्म गुल्जार रहने तातोपानी क्षेत्र अब बजारको स्वरूपमा छैन । दुई देश जोड्ने मितेरी पुल काँडेतारले छेकिएको छ ।

चहलपहल शून्यजस्तै छ । कुनै समय निकै व्यस्त रहने यो नाकामा रहेका अध्यागमन कार्यालय, बैंक, उद्योग वाणिज्य संघलगायत प्रशासनिक तथा संस्थाका भुत्रा साइनबोर्ड देखिने घर खाली अवस्थामा छन् । दैनिक केही धान कन्टेनर नेपाल छिर्छन् तर पहिलेको जस्तो मानिसको आउजाउ छैन । मितेरी पुलदेखि लिपिङसम्मका घरका सटर केही बन्द त केही आधा बन्द र असरल्ल छोडिएका छन् ।

भूकम्पले चर्किएका घरका भित्तामा भुार पलाएको छ । सुनसान र खण्डहर बनिसकेको छ । मितेरी पुलसँगै जोडिएको लिपिङ विपद्पछि शोकमा डुबेजस्तो भएको छ । एकनास सुसाएको भोटेकोसी र आकलभुकल चल्ने सवारीसाधनबाहेकको आवाज त्यहाँ सुनिँदैन । पूर्वाधार संरचना कंकाल बन्दै छन् । तिनको अस्तित्व मेटिँदै छ र पनि तातोपानी बजार आशाको त्यान्द्रो बोकेर बाँचेको छ । कुनै दिन फेरि पुरानो लयमा फर्किन सकिन्छ कि भन्ने आशामा ।

गोरखा भूकम्प र २०७३ सालको असार तेस्रो साता आएको बाढीले लिपिङ बजार तहसनहस भयो । यी विपद्ले केहीको ज्यान पनि गयो । ज्यान जोगाएकाहरू पनि अन्तै सरे । फेरि ठडिन नसकेका तर ठडिने आस बोकेका संरचनाका भग्नावशेष मात्रै अब त्यहाँ बाँकी छन् ।

राजधानी काठमाडौंका व्यस्त बजारको भन्दा महँगो भाडा तिरेर पनि सानो सटर पाउन पनि मुस्किल पर्ने लिपिङ बजारका व्यवसायी अहिले पलायन भइसके । बजारनजिकका घर मौजा पनि सक्नेले छोडे, नसक्ने त्यहीँ अल्भिरहेका छन् । स्थानीयलाई पछिल्लो आठ वर्ष ऐंठनले थिचेको त्रासदीपूर्ण सपनाजस्तो लाग्छ ।

स्थानीय सोनाम शेर्पालाई जीवनको उत्तरार्द्धमा यति पट्यारलाग्दा दिन देख्नुपर्ला भन्ने सायदै लागेको थियो । बिहीबार दिउँसो कोदारी बजारमा भेटिएका शेर्पाका युवावयका दिन जति व्यस्त र रसिला थिए, अहिले त्योभन्दा कैयौं गुणा निरस र उराठलाग्दो छ ।

तातोपानी क्षेत्र फेरि पहिलेजस्तै चम्किन्छ भन्ने आशा उनमा बाँकी छैन । उच्चपदस्थका भ्रमणबारे उनलाई अब चासो हुन छाडेको छ । 'नेताहरू धेरैपटक आए । आउँछन् मात्रै, हुने केही होइन,' भाव शून्य भएका शेर्पा बिस्तारै खुले, 'हाम्रा दुःखकष्ट सुनाएर थाकियो । सबैले देखेकै छन् । माथि भिर तल खोला, के गरेर खानू ?'

त्यहाँका स्थानीयलाई सरकारसँग अब आशाभन्दा बढी आक्रोश छ । 'सबै जना आउँछन्, हेर्छन् जान्छन् । गर्ने केही होइनन्,' स्थानीय गोमा खत्री आक्रोशित भावमा भन्छिन्, 'काम छैन । खाने बाटो छैन । बाहिरबाटै ल्याएर खानुपरेको छ ।'

तातोपानी नाकाबाट मान्छे आवतजावत गर्न चीनले रोक लगाएपछि त्यहाँबाट हुने व्यावसायिक गतिविधि पनि खुम्चिएको सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका अध्यक्ष होमबहादुर बस्नेत (राजकुमार) बताउँछन् । त्यसको प्रभाव स्थानीयमा बढी परेको उनको भनाइ छ । 'स्थानीयको जनजीवन नराम्रोसँग थलिएको छ । त्यहाँ खेतीयोग्य जमिन छैन, भीरपाखा मात्रै छ । उनीहरूलाई व्यवसाय गरेर खान पाए मात्रै पनि खुसी हुन्थे,' उनले भने ।

भूकम्पपछि बन्द भएको तातोपानी नाका २०७५ जेठमा खोलिएको थियो । नाका खुलेपछि सामान बोकेका कन्टेनर आउजाउ गर्न दिइए पनि चीनले मान्छे आवतजावत गर्न दिएन । लगत्तै कोभिड-१९ महामारी सुरु भयो । त्यसपछि नाका फेरि बन्द भयो । कोभिड अवधिमा नाका खुल्ने र बन्द हुने क्रम चलिरह्यो ।

गत वैशाखमा निर्यातसमेत खुलाउने गरी चीनले अनुमति दिए पनि अहिले फेरि नेपालबाट सामान जान छाडेको छ । चीनले नाकामा आउजाउ सहज बनाइदिए बिस्तारै चहलपहल पनि बढ्ने स्थानीयको आशा छ ।

पहिलेको जस्तै चीनतर्फको बजारमा सहज पहुँच बनाउने हो भने फेरि त्यहाँ त्यहाँ चहलपहल बढ्ने सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका अध्यक्ष बस्नेत बताउँछन् । उनी भन्छन्, 'मानिसलाई आवतजावतका लागि सहज बनाएर नाका चल्यो र चहलपहल बढ्यो भने बिग्रिएको संरचना पनि बन्थे होलान् । स्याहारसम्भार हुन्थ्यो । सामान आयात गर्दा पनि व्यवसायीले सहज महसुस गरेका छैनन् । भनेको बेला सामान आइपुग्दैन ।'

चीनबाट सामान ल्याउन रसुवागढी नाकाभन्दा तातोपानी नाका भौगोलिक दूरीका हिसाबले नजिक रहेकाले छोटो समयमा सामान आयात गर्दा त्यसको लागत पनि कम पर्ने उनको भनाइ छ ।

'चीनका विभिन्न सहरबाट सामान ढुवानी गर्दा १५/२० दिनमा सामान काठमाडौं आइपुग्थ्यो । अहिले दुई/तीन महिनासम्म लाग्छ । कम समयमा सामान ढुवानी गर्न सके व्यवसायीको लागत कम हुने र उपभोक्ताले पनि सस्तोमा सामान पाउँथे, स्थानीय व्यवसायीले रोजीरोटी पाउँथे,' बस्नेतले भने ।

तातोपानी नाका सञ्चालनमा हुँदा त्यहाँ पर्यटकीय गतिविधि पनि राम्रै थियो । तातोपानीमा नुहाउने र घरायसी सामान लिने भनेर गएकाहरू ठूलो संख्यामा हुन्थे । अहिले त्यो पनि गुमेको छ । व्यापार, होटल, पर्यटनलगायतको व्यवसाय ठप्प भएपछि व्यवसायी पलायन भएका छन् । ठूला व्यापारी मात्र नभई साना व्यापारी व्यवसायी, सवारी चालक, लोड अनलोड गर्नेहरू बेरोजगार भएका छन् भने कैलाश मानसरोवर जान त्यहाँ पुग्ने पर्यटक पनि शून्य भएका छन् ।

मतेरी पुलबाट करिब ६ किलोमिटर तल लार्चामा सुविधासम्पन्न सुख्खा बन्दरगाह बनाइएको छ । भव्य पूर्वाधारसहितको बन्दरगाह पनि सुनसान छ । बिहीबार केही मजदुर बन्दरगाह प्रांगणभित्र जस्तापाताले छाएको विश्रामस्थलमा सुस्ताइरहेका थिए ।

भन्सार जाँचपासका लागि आउने दैनिक तीनचार कन्टेनर र जाँचपासपछि बाहिरिने ट्रकको सामान लोड अनलोड गर्नु उनीहरूको दैनिकी हो । चीनकै आर्थिक र प्राविधिक सहयोगमा निर्माण भएको यो बन्दरगाह २०७६ असारमा नेपाललाई हस्तान्तरण गरिएको थियो । तर, भव्य संरचनाले काम भएको छैन । गत मे १ मा नेपालबाट तीनवटा कन्टेनर चीन गएका थिए । त्यसयता नेपालको निर्यात शून्य छ ।

तातोपानी नाकाबाट अहिले स्याउ, खुद्रा सामान, जलविद्युत् आयोजनाका मेसिनलगायत सामान फाट्टफुट्ट रूपमा मात्रै आइरहेको र नेपालबाट हुने निर्यात भने ठप्प रहेको तातोपानी भन्सार कार्यालयका भन्सार अधिकृत उदयसिंह विष्ट बताउँछन् । 'अहिले निर्यात भन्ने त छँदै छैन । सुरुको दिन तीन/चारवटा कन्टेनर गएको थियो ।

आयात पनि स्याउ, लसुनलगायतका वस्तु बोकेका दैनिक तीन/चार कन्टेनर जाँचपासका लागि आउँछन् । हामीले यसवर्षका लागि ४ अर्ब ६२ करोड रुपैयाँको राजस्व उठाउने लक्ष्य राखेका थियौं । तर, लक्ष्यको ५० देखि ६० प्रतिशतको हाराहारी मात्रै हुने देखिएको छ । गत वर्ष भित्रिएका ७२ वटा विद्युतीय गाडीमध्ये केही गाडी अझै बन्दरगाहमा थन्किएका छन्,' भन्सार अधिकृत विष्ट भन्छन् ।

तातोपानी नाका खुलाउन कूटनीतिक पहल आवश्यक रहेको सिन्धुपाल्चोकबाट निर्वाचित सांसद तथा स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेत बताउँछन् । उनले सो नाका खुलाउन सरकारले चीनलाई आश्वस्त पार्न सक्नुपर्ने बताए ।

'हामीले लामो समयदेखि पहल गर्दा पनि तातोपानी नाका सहज रूपमा सञ्चालन हुन सकेको छैन । नाका खुलाउन सरकारले कूटनीतिक ढंगले चीन सरकारलाई विश्वस्त गर्न सक्नुपर्छ,' उनले भने, 'राजनीतिक तहमा कुरा भइरहेको छ । तर, सुरक्षाको विषयलाई लिएर रोकिएको हामीले बुझेका छौं ।'

नाका बन्द हुँदा स्थानीय बासिन्दाको जनजीवनमा नराम्ररी प्रभाव परेको बारेमा मन्त्री बस्नेत पूरापुर जानकार छन् । 'नाका सञ्चालन नहुँदा जनताले दुःख पाएका छन् । बस्ती मसानजस्तो भएको छ । यहाँ वैकल्पिक उद्यम व्यवसायका लागि अरू विकल्प पनि छैन,' उनी भन्छन्, 'हामीले पटकपटक पहल गरेका छौं । तर, सुरक्षालगायतका विषय पनि यहाँ जोडिएका छन् ।'

तातोपानी नाका मात्र होइन, नेपाल-चीनबीचको समग्र अन्तरदेशीय व्यापार अझै लयमा फर्किसकेको छैन । २०७२ को भूकम्पअघिको सामान्य अवस्थामा दुई देशबीच वार्षिक साढे २ खर्ब रुपैयाँभन्दा बढीको वैदेशिक व्यापार हुने गरेको देखिन्छ ।

वार्षिक डेढ खर्ब रुपैयाँबराबरको कारोबार तातोपानी भन्सारबाट मात्रै हुन्थ्यो भने सरकारले वार्षिक करिब ६ अर्ब रुपैयाँ राजस्व उठाउँथ्यो । अहिले तातोपानी भन्सार कार्यालयका अनुसार त्यहाँ मासिक औसत २३ करोड रुपैयाँबराबर राजस्व उठ्ने गरेको छ । कुनै समय तातोपानी भन्सार कार्यालय सञ्चालनका लागि ८० देखि ८५ जनासम्म कर्मचारी खटिने गरेकामा अहिले १४ जना कर्मचारी मात्रै छन् ।

नेपालका लागि चीनसँगको व्यापारमा रसुवागढी भन्सारभन्दा तातोपानीबाट सामान आयात गर्दा ढुवानी भाडा सस्तो हुने र पूर्वाधारका हिसाबले समेत त्यहाँ उपयुक्त भए पनि चीनको बेवास्ताका कारण त्यहाँबाट हुने व्यापार खुम्चिँदै गएको छ ।

भूम्पका कारण तातोपानी नाकाको चीनतर्फको क्षेत्र खासा बजार पनि प्रभावित भएको थियो । अहिले सो बजार पूर्णरूपमा बन्द छ । चीनले त्यहाँबाट बस्तीसमेत हटाइसकेको छ । पहिलेको बजार सारिएको छ । भौगर्भिक अध्ययनपछि सो क्षेत्र मानव बसोबासका हिसाबले असुरक्षित देखिएको भन्दै चीनले बस्ती सारेको हो ।

अहिले त्यहाँ चिनियाँ सुरक्षाकर्मीको क्याम्प मात्र रहेको छ । चीनतर्फको भन्सार कार्यालयसमेत हटिसकेको छ । खासा क्षेत्रमा बजार बसाउन भौतिक संरचना निर्माण र सडक सञ्जाल निर्माणमा चीनले चासो देखाएको छैन ।

### अन्य नाका अध्ययनमै सीमित

दुई देशबीच व्यापारका लागि सञ्चालनमा रहेका दुईवटा भन्सार नाका तातोपानी र रसुवागढी स्वाभाविक अवस्थामा फर्किन सकेका छैनन् भने अन्य जिल्लामा खोल्न प्रस्ताव गरिएका नाकाको कार्यप्रगति नगण्य छ ।

तातोपानी र रसुवागढीबाहेक अन्य वैकल्पिक नाका खोल्न सम्भाव्यता अध्ययन गर्न नेपाल र चीनबीच सात वर्षअघि सम्झौतापत्रमा हस्ताक्षर भइसकेको छ ।

नेपाल-चीन द्विपक्षीय व्यापारका लागि विभिन्न सात ठाउँमा नाका खुलाउन सम्भाव्यता अध्ययनका लागि १९ कात्तिक २०७२ मा दुई देशबीच सहमति भएको थियो । ताप्लेजुङको ओलाङचुङगोला, संखुवासभाको किमाथांका, मुस्ताङको कोरला, गोरखाको लार्के, दोलखाको लामाबगर, हुम्लाको यारी र मुगुमा नाका सञ्चालनमा ल्याउन सम्भाव्यता अध्ययन गर्ने सहमतिपत्रमा उल्लेख छ । सहमतिअनुसार नाका सञ्चालनका लागि सम्भाव्यता अध्ययन भने अझै हुन सकेको छैन । नाका सञ्चालनका लागि सडक सञ्जाल जोड्ने र भौतिक संरचना आवश्यक पर्ने भएकाले त्यस्ता संरचना निर्माणका लागि पनि पहल हुन सकेको छैन ।

# विपद्लक्षित सेनाको अभ्यास हातेमालो-५ कार्यक्रम

**युवराज विष्ट/ राजधानी**
भोजपुर

वर्षातको समयमा हुन सक्ने सम्भावित विपद् जोखिम न्यूनीकरणका लागि नेपाली सेना भोजपुरले ' अभ्यास हातेमालो- ५' सञ्चालन गरेको छ । यो समयमा हुन सक्ने विपद् जोखिम मध्यनजर गरेर नयाँ श्रीनाथ गण भोजपुरले अभ्यास कार्यक्रम सञ्चालन गरेको हो ।

यहाँका जोखिमयुक्त ठाउँको पहिचान गर्दै विपद् आइपरेका खण्डमा एकीकृत रूपमा राहत तथा उद्धार कार्यमा जुट्ने लक्ष्यले सेनाले यो कार्यक्रम सञ्चालन गरेको हो । विपद्को समयमा आउन सक्ने जोखिमको पहिचान तथा पूर्वतयारीका लागि अभ्यास कार्यक्रम सञ्चालन गरिएको हो ।

विपद्का बेला कसरी जुट्ने, राहत तथा उद्धारको कार्य कसरी गर्ने, जिल्लाको जोखिमयुक्त ठाउँको पहिचान गर्ने तथा विपद्सँग सरोकार राख्ने सबै सुरक्षा निकाय, स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला रेडक्रस, उद्योग वाणिज्य संघलगायतले निर्वाह गर्ने भूमिकाको विषयमा आवश्यक तयारी भइरहेको छ ।

सरोकारवाला पक्षसँग सहकार्य गर्दै कसरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न सकिन्छ भन्ने लक्ष्यले कार्यक्रम गरिएको नयाँ श्रीनाथ गण भोजपुरका प्रमुख फणिन्द्र थापाले जानकारी दिए । कार्यक्रममार्फत सम्भावित जोखिमका घटनाको पूर्वानुमान गरेर



आवश्यक कार्ययोजना निर्माणसँगै विपद्मा सेनाले खेल्ने भूमिकाको विषयमासमेत जानकारी दिइएको उनले बताए ।

'विपद् जुनै समयमा पनि आउन सक्छ,' प्रमुख थापाले भने, 'विपद्को अवस्थामा एकीकृत रूपमा कसरी जुट्ने भन्ने तयारीका लागि कार्यक्रम गरिएको हो । विपद्का समयमा उपलब्ध हुने स्रोतसाधनको पनि तथ्यांक लिने काम गरिएको छ । सरोकारवाला पक्षको उपस्थितिमा आवश्यक सुझाव पनि संकलन गरेका छौं ।'

सेनाले विपद्को बेला अपनाउन सकिने सजकताको विषयमा ज्ञान दिने लक्ष्यले विभिन्न खालका घटनामा गरिने उद्धारबारे कृतिम अभ्यासमार्फत जानकार ीसमेत दिइँदै आएको छ । यस्ता अभ्यासका कार्यक्रम जनस्तरसम्म पुऱ्याउने योजना रहेको सेनाले जनाएको छ ।

कार्यक्रममा जिल्लाका सरोकारवाला पक्षले गरिरहेका विपद् पूर्वको तयारीको विषयमा मुख्य रूपमा छलफल गरिएको छ । त्यस्तै, पूर्वतयारीका लागि सम्भावित जोखिम भएका ठाउँको पहिचान गर्न टेबल टक गरेर आवश्यक तयारी गरिएको छ । जिल्ला विपद् व्यवस्थापन समितिले विपद् पूर्वको तयारीका लागि आवश्यक काम गरिरहेको प्रमुख जिल्ला अधिकारी हरिप्रसाद घिमिरेले जानकारी दिए । खास गरेर स्थानीय तहले सम्भावित विपद्को जोखिमलाई ध्यानमा राखेर प्राथमिकताका साथ बजेट विनियोजन गर्नुपर्ने प्रजिअ घिमिरेले धारणा राखे । विपद्का समयमा सबै सरोकारवाला पक्ष एकजुट भएर लाग्न सके क्षति न्यूनीकरणमा टेवा पुग्ने उनको भनाइ छ ।


'विपद्लाई लक्षित गरेर सेनाले सञ्चालन गरेको कार्य प्रशंसायोग्य छ,' प्रजिअ घिमिरेले भने, 'विपद्को बेला हुन सक्ने घटनाको पूर्वानुमान र पूर्वतयारी गर्न जरुरी छ । खास गरेर स्थानीय तहले विपद्का लागि प्राथमिकताका साथ बजेट विनियोजन गर्दै आवश्यक योजना निर्माण गर्न आवश्यक छ । सबै पक्ष गम्भीर हुन सके विपद्बाट हुने क्षतिलाई कम गर्न सकिन्छ ।'

स्थानीय तहले विपद्को समयमा आवश्यक पर्न सक्ने सामग्रीको खरिद गरेर राख्नुपर्ने उनको भनाइ छ । विपद्का समयमा गरिने उद्धारलगायतको विषयमा जनस्तरसम्म अभ्यासमूलक तालिमको व्यवस्था गर्ने लक्ष्य रहेको प्रजिअ घिमिरेले बताए । त्यसका लागि स्थानीय तहले आवश्यक समन्वय गर्नुपर्ने उनको भनाइ छ ।

वर्षातको समयमा हुने सक्ने विपद्का घटना लक्षित गरेर सेनाले सञ्चालन गरेको कार्यक्रम प्रभावकारी रहेको कार्यक्रमका सहभागी पौवादुङमा गाउँपालिकाका प्रशासन प्रमुख बुद्धिमान तामाङले बताए । विपद्को समय गरिने उद्धार कार्यको अभ्यासलाई स्थानीयस्तरसम्म सञ्चालन गर्न सके अझ प्रभावकारी हुने सहभागीको उनको भनाइ छ ।

कार्यक्रममा नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान आयोग, रेडक्रस उद्योग वाणिज्य संघ, स्थानीय तहका प्रतिनिधिले आफ्‌आफ्नो विपद् पूर्वको तयारीको विषयमा प्रस्तुति राखेका छन् ।

# दुई जिल्ला जोडिने 'मितेरी' झोलुंगे पुल निर्माण



**सागर महत/ राजधानी**
अर्घाखाँची

अर्घाखाँची र प्युठानको संगमस्थलमा झोलुंगे पुल निर्माण भएको छ । प्युठानको ऐरावती गाउँपालिका-६ र अर्घाखाँचीको भूमिकास्थान नगरपालिकाको वडा नम्बर ५ को संगमस्थल छापेखोलामा निदेर्नीगैरा झोलुंगे पुल निर्माण भएको हो । पुलको उद्घाटन गर्दै भूमिकास्थान नगरपालिकाका नगर प्रमुख झविलाल थापाले पुलका कारण दुई जिल्लाका बासिन्दाको जीवनस्तरमा सुधार आउने बताए । पुलका कारण कृषकलाई कृषिउपज ओसारपसारमा पनि सहज हुने उनको भनाइ थियो । साथै नगर प्रमुख थापाले दुई जिल्ला जोड्ने पुलको नाम मितेरीपुल राखिएको समेत घोषणा गरे ।

भूमिकास्थान नगरपालिका-५ का वडाध्यक्ष जयगोपाल श्रेष्ठले आवश्यकताको आधारमा पुल निर्माण गरिएको बताए ।

प्युठानको ऐरावती गाउँपालिका-६ जोडिने गरी पुल निर्माण भएकाले गाउँपालिकाबासी निकै खुसी भएको वडा सदस्य रेशमबहादुर थापाको भनाइ छ ।

नगरपालिकाको मातहतमा सम्पन्न भएको पुलको प्राविधिक सहयोग ग्रामीण तथा सामुदायिक विकास केन्द्र अर्घाखाँचीले गरेको संस्थाका जिल्ला अध्यक्ष ठाकुरप्रसाद अधिकारीले बताए । ४४ लाख १२ हजार ९ सय २२ रुपैयाँमा निर्माण भएको मूल ७७ मिटर लम्बाइ रहेको छ ।

## सम्पादकीय

# जनता नझुकिऊन्

भुटानी शरणार्थी काण्डले नेपाल तातेको छ। भुटानबाट शरणार्थी आएर नेपाललाई ठूलो बोझ थपिएका कारणले होइन, अकल्पनीय रूपमा भुटानी शरणार्थीको भेषमा नेपाली नागरिक विकसित पश्चिमी संसारमा शरणार्थी बन्न र बनाउन नैतिकताको न्यूनतम हदभन्दा तल झरेका दृष्टान्त भेट्टिएका कारण आमनेपाली लज्जित हुन पुगे। र, आज भुटानी शरणार्थी भन्ने शब्दावली प्रत्येक नेपालीको जिब्रोमा नकारात्मक रूपमा झुन्डिएको छ। यहाँ आज उत्थान गर्न खोजिएको विषय चाहिँ चर्चित भुटानी शरणार्थी भ्रष्टाचार काण्ड होइन। आखिर भुटानमा के भएको थियो त ? दक्षिण भुटानमा पुस्तौंदेखि बसोबास गर्दै आएका नेपाली मूलका भुटानी नागरिकमाथि भुटानी शासकवर्गको पोसाक बख्खु र भाषा जोंखा अत्यन्तै बर्बरतापूर्वक थोपरियो। प्रत्येक भुटानीले जोंखा नै बोल्नुपर्ने र बख्खु नै लगाउनुपर्ने बाध्यात्मक अवस्था सिर्जना गरियो। अनिवार्य 'एउटै भाषा एउटै भेष'लाई भुटानी राष्ट्रियताको प्रतीकका रूपमा जबर्जस्ती स्थापित गरियो। त्यसविरुद्ध देखिएका नागरिकलाई 'देशद्रोही' घोषित गरियो। जेलनेल र चरम यातना दिइयो, मुलुक छोड्न बाध्य बनाइयो। झन्डै ७ लाख जनसंख्या भएको मुलुक भुटानबाट लगभग १ लाख २० हजार नेपाली मूलका नेपालीभाषी दक्षिण भुटानका बासिन्दा शरणार्थीका रूपमा नेपाल आइपुगे। यसै क्रममा तत्कालीन पञ्चायती व्यवस्थाका नेपाली शासकले भुटानी दमनविरुद्ध संघर्ष गर्दै नेपाल शरण लिन आइपुगेका टेकनाथ रिजाललाई झ्याइँकुट्टी पारेर भुटान सरकालाई बुझाए। त्यसपछि रिजालले कस्तो मृत्युतुल्य यातना सहनुपर्‍यो वर्णन गर्न शब्द भेटिँदैन।

स्मरणयोग्य कुरो के हो भने त्यो समय नेपालमा राजाको शासन थियो। नेपालका राजा अत्यन्तै राष्ट्रवादी र नेपालको पहिचानप्रति सजग र सचेत मानिन्थे। स्वर्गीय राजा महेन्द्र र वीरेन्द्र दुवै नेपाली पहिचानप्रति अत्यन्तै सचेत र संवेदनशील मानिन्थे र अझै मानिन्छन्। स्वर्गीय राजा वीरेन्द्रले भारत भ्रमणमा हुँदा दक्षिण भारतस्थित तिरुपती बालाजीको मन्दिरमा विशेष पूजा गर्न खोज्दा त्यहाँको परम्पराअनुसार धोती लगाउनुपर्ने भयो। विदेशी भूमिमा धोती लगाउनुभन्दा पूजा नै नगर्ने उनले निर्णय गरे। राष्ट्रवादको अद्वितीय नमुना प्रस्तुत गरेको भन्दा फरक नपर्ला। यी दुवै राजा दौरासुरुवाल टोपी र नेपाली भाषालाई नेपाली राष्ट्रियताको प्रतीक मान्दथे भन्ने कुरोमा दुईमत नहोला।

तर, राजा वीरेन्द्र स्वयंको 'राष्ट्रिय पहिचानको प्रतीक'का खातिर कठोर संघर्ष गर्ने टेकनाथ रिजाल किन उनलाई पाच्य भएन र जबर्जस्ती भुटानी निरंकुश शासकलाई सुम्पियो ? नेपालको इतिहास र परम्परा हेर्ने हो भने स्वयं आफूले दबाउन सघाएको लखनउ विद्रोहका विद्रोही नवाब बाजेद अलि शाहकी बेगम शरणागत हजरत महललाई जंगबहादुरले शरण दिएका थिए। उनको चिहान आज पनि काठमाडौं घण्टाघरबाट बागबजार मोडिने मूल सडकको किनारमा छ। यस्तो 'शरणलाई मरण नगर्ने' नेपालले नेपालको सान र पहिचानका लागि कठोर संघर्ष गर्ने शरणागत रिजाललाई भुटानी शासकका चंगुलमा किन पुर्‍याए ? प्रश्न पेचिलो छ भने जवाफ झनै अप्ठ्यारो हुन सक्छ।

कुरो पोसाक वा भाषाको होइन रहेछ। सायदै तत्कालीन शासकहरूलाई दौरा सुरुवाल र नेपाली भाषाप्रति कुनै विशेष मोह थियो। उनीहरूलाई चिन्ता थियो 'एउटै भाषा एउटै भेष'का विरुद्ध भुटानी नागरिक र रिजालको संघर्षको वीरेन्द्रका पिता राजा महेन्द्रद्वारा प्रतिपादित 'एउटै भाषा एउटै भेष'को रणनीति नै उनीहरूको निरंकुश शासन व्यवस्थाको सूत्रधार थियो। आफ्नो त्यस्तो 'महान् सिद्धान्त' पछ्याउने जिग्मे सिंघे वाङ्चुक प्यारो लाग्यो, पोसाक र भाषा होइन। पोसाक र भाषा त फगत रणनीतिक गोटी मात्र थिए। उर्दू भाषा र पठानी पोसाकलाई बढावा दिँदा आफूप्रति बफादारिता सुदृढ हुने भए त्यही पो गर्थे कि ?

अहिले पुनः नेपालमा त्यही प्रवृत्ति हावी हुन खोजेको छ। 'राष्ट्रवाद' स्थापित गर्ने प्रयास हुँदै छ, 'एउटै भाषा एउटै भेष'को सूत्र नयाँ आवरणमा अवतरण भएको छ। मुलुकको ठूलो भूभागको उल्लेख्य जनता यो भुलभुलैयामा फसेका पनि छन्। वास्तवमा यी 'राष्ट्रवादी'को माया पोसाक वा भाषा होइन। परेको अवस्थामा यिनीहरू तत्काल रंग बदल्न तयार हुन्छन्। यिनको रणनीति त त्यो अत्यन्तै कारागर 'सूत्र'मार्फत सोझा जनतालाई कजाउनु हो। यो 'सूत्रमा विदेशी हस्तक्षेप' को तड्काले भन्नेपछि त सोझा जनता झुक्किने भइहाले तर छोटो समयमै राजशाही झैं यी 'राष्ट्रवादी' पनि धराशायी हुनेमा कुनै शंका छैन। तर, यसबीच मुलुकलाई कुन हदसम्म घाइते बनाइने हो आँकलन गर्न गाह्रो छ।

# तरलता अभावका प्रभाव

## व्यवसायीले सञ्चालन गर्ने व्यवसायबाट प्राप्त गर्ने उपलब्धिको गलत अनुमानका आधारमा ऋण प्रवाह गरियो



श्यामप्रसाद मैनाली

### प्रारम्भ

कोभिडको संक्रमणपश्चात् नेपालको अर्थ व्यवस्थामा सुधार आउने अपेक्षा गरिएको थियो। तर, अत्यन्त ज्यादा तरलताको समस्या सामना गर्नुपरिरहेकाले अपेक्षाअनुरूप सुधार हुन नसकेको हो। नेपाली मुद्रा अपरिवर्तनीय हुनु र अन्तर्राष्ट्रिय व्यापार धेरै असन्तुलित हुनुका कारण यो अवस्थालाई अपेक्षित रूपमा नै लिनुपर्ने स्थिति छ। आर्थिक क्षेत्रको सुधारका लागि तरलताको सहज आपूर्ति हुनु पर्दछ। यस प्रकारको व्यवस्थापन हुन सकेको छैन। चालू आबको प्रारम्भसँगै यो अवस्थामा संकट आउँदै गएको छ। तरलतासम्बन्धी दबाबलाई कम गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंकले केही नीतिहरू कार्यान्वयनमा ल्याउँदा पनि खासै सुधार हुन सकेको छैन। व्यवसायीको मागअनुसार व्यापारिक कार्यलाई निरन्तरता दिँदै सुधार गराउन वित्तीय संकटका कारणले गर्दा कठिनाइ उत्पन्न भएको छ। यसका निर्णायक पक्षहरू र यस समस्याको समाधानका विषयमा यस आलेखलाई केन्द्रित गराउने प्रयास गरिएको छ।

### निर्णायक तत्त्व

संक्रमणको अवस्था कोभिडका कारण सिर्जना भयो। नेपाल यसबाट बढी प्रभावित मुलुक हो। जब कोभिडबाट सुरक्षित रहन लकडाउनलाई कडा बनाइयो तरलतासम्बन्धी समस्याको प्रारम्भ यही बिन्दुबाट हुन पुगेको हो। अचानक वित्तीय कारोबारमा संकटको अवस्था बन्यो। यो समस्यालाई सम्बोधन गर्न धेरै प्रकारका प्रयासहरू भए। ऋणमा ब्याजदर घटाउने कार्य भयो। उपयुक्त मूल्यांकन र सम्भावनाको यथार्थ अध्ययन नगरी ऋण रकम प्रवाह हुन थाल्यो। सहजै ऋण प्रदान गर्दा स्थिति झनै असहज बन्यो। यसरी ऋण प्रवाह गर्दा पर्नसक्ने नकारात्मक प्रभावबारे खासै संवेदनशील भएर चिन्तन गरिएन। व्यवसायीले सञ्चालन गर्ने व्यवसायबाट प्राप्त गर्ने उपलब्धिको गलत अनुमानका आधारमा ऋण प्रवाह भयो।

यस्तो ऋण प्रवाह गर्दा बैंकले आफ्नो नियमित कार्यका लागि छुट्याइएको रकमबाट समेत लगानी गर्ने कार्यले निरन्तरता पाउँदै गयो। नेप्से परिसूचक नकारात्मक बन्दै गए। घरजग्गा कारोबारमा मुद्रास्फितिको अवस्था सिर्जना भयो। अर्थ व्यवस्था बिग्रँदो क्रममा अघि बढ्यो। बैंक र वित्तीय संस्थाको अवस्था नाजुक बन्दै गयो। बढ्दो तरलताको अभावका कारण मागअनुसार रकमको व्यवस्था गर्न वित्तीय संस्थाहरू असमर्थ भए। बैंकप्रतिको विश्वसनीयतामा ह्रास आउन थाल्यो। माग र आपूर्तिको खाडल बढ्दै गयो। बचतकर्ताको रकमसमेत ठूलो मात्रामा भुक्तानी गर्न नसक्ने अवस्थामा प्रायः बैंक तथा वित्तीय संस्थाहरू पुगेका छन्। नेपाल सरकारले यसलाई सम्बोधन गर्ने नीतिहरू कार्यान्वयन गर्दा समेत स्थितिमा सुधार हुन सकेन।

राष्ट्र बैंकबाट गरिएको एक सर्वेक्षणका अनुसार केही कारण यसका लागि जिम्मेवार देखिएका छन्। भुक्तानी सन्तुलनको अवस्था नाजुक बन्दै गएको छ। अन्तर्राष्ट्रिय व्यापार घाटा अत्यन्त ज्यादा छ। करिब ६ अर्ब रुपैयाँ बराबरको सामानहरू निर्यात हुँदा १९ अर्बको सामानहरू आयात भएको छ। वैदेशिक लगानीको अवस्था सकारात्मक छैन। १८ अर्बको प्रतिबद्धता भएकोमा ५ अर्ब लगानी भएको छ। राजनीतिक अस्थिरताको अवस्था अत्यन्त नाजुक छ। २०४६ साल यता सरदर डेढ वर्षमा एक सरकार परिवर्तन भइरहेको छ। ब्याज दरमा उतारचढाव अत्यन्त तीव्र गतिमा भइरहेको छ। विदेशी संस्थालाई तिर्नुपर्ने रकमको अभाव छ।

आयातलाई सन्तुलनमा राख्नेगरी निर्यात गर्न सकिएको छैन। अन्तर्राष्ट्रिय व्यापारको नापत्राको सन्दर्भ कल्पनाभन्दा बाहिर छ। यिनै कारणले गर्दा अर्थतन्त्र नाजुकबन्दै तरलताको अभाव सिर्जनाभएको हो। नेपालको आयात केही वर्षदेखि अत्यन्त ज्यादा वृद्धि हुँदै गएको छ। आयात र निर्यातबीच ठूलो अन्तर देखिएको छ। प्रायः सबै विकासशील देशहरू व्यापार घाटाका कारण नकरात्मक रुपमा प्रभावित हुन्छन्। यस अवस्थामा मूल्य वृद्धि र मुद्रा स्फीति हुन्छ। कूल गार्हस्थ उत्पादन र परिवर्त्य विदेशी मुद्राको मात्रा घटदछ। यी अवस्थाहरू वित्तीय संकटकालागि जिम्मेवार बन्दैगएका छन। नेपालमा वित्तीय संकटको स्थिति सिर्जनाभएको छ।

नेपालमा विप्रेशणको प्रवाह अत्यन्त राम्ररी भइरहेको छ। देशको कुल गार्हस्थ उत्पादनको ३२ प्रतिशत हिस्सासम्म यसले योगदान पुर्‍याएको छ। वैदेशिक मुद्राको संचय वृद्धिगर्न सहयोग पुगेको छ। सर्वसाधारण जनताको क्रयशक्तिमा सकरात्मक परिवर्तन ल्याएको छ। विप्रेसनको अवस्थामा पनि असहज अवस्था आइरहेको छ। वैदेशिक रोजगारीमा विभिन्न देशमा जाने श्रमिकको संख्यामा वृद्धि भएको छ। तर, देशभित्र आउने विदेशी मुद्रामा संकुचन आइरहेको छ। विप्रेशण बढ्दा प्रत्यक्षरूपमै बजारमा नगदरकम प्रवाह हुन जाने भएकाले तरलताको अभावलाई सहजबनाउन मद्दत गर्दछ। तर हाम्रो अवस्था अझैनाजुक बनीराखेको छ। राष्ट्र बैंकले १ सय ४७ अर्ब रकम बजारमा प्रवाहगर्दा वैदेशिक मुद्राको बिक्रीगरेको थियो।

तर, यसैका कारण यसै समयमा वैदेशिक मुद्राको संकट राष्ट्रिय ढुकुटीमा घट्न पुग्यो। यसबाट यो समस्या समाधान नेपाल राष्ट्र बैंकको क्षमताभन्दा बाहिरपुगेको प्रमाणित हुन्छ। नेपालीहरूले क्रिप्टोकरेंसी खरिदगर्ने प्रक्रियाले निरन्तरता पाउँदै गयो। यस प्रकारको अवैध कारोबारलाई नियमित र नियन्त्रण गर्न नेपाल सरकार असफल बन्यो। पेट्रोलियम पदार्थको खरिदगर्न ठूलोमात्रामा रकम आवस्यक पर्दैगर्दा यसको बिक्री दर समेत निरन्तर रुपमा उकालोलाग्दै गयो। युक्रेन युद्धको प्रभाव अन्य देशहरूमा जस्तै नेपालमा पनि पर्न थाल्यो। यही युद्धकै कारण पनि नेपालमा मूल्यबढेको हो।

आर्थिक अवस्थामा सुधार ल्याउने रणनीतिक शीर्षकमा वैदेशिक मुद्रा खर्च हुने अवस्था बनेन। आब २०२१/२०२२ को मौद्रिक नीतिबाट ऋण रकमको भुक्तानी गर्ने अवधि अतिरिक्त एक वर्ष थप गर्ने सुविधा ऋणीलाई दिइयो। यस नीतिले कोभिड संक्रमणबाट प्रभावित बनेका केही क्षेत्रहरू जस्तै रेस्टुरेन्ट, पार्टी प्यालेस, सार्वजनिक यातायात, शिक्षण संस्थाहरू र मनोरञ्जन प्रदान गर्ने कम्पनीलाई सुविधा दिइयो। यही समयमा अध्यागमन विभागले विदेशजाने नेपालीका लागि आवश्यक पर्ने अनिवार्य विदेशी मुद्रा यूएस डलर ५ सय भए पुग्नेगरी घटाउने निर्णय लियो। यसबाट वैदेशिक मुद्राको संचितिमा बढी भार पर्न नदिने उद्देश्य राखिएको थियो। यसैगरी, वाणिज्य बैंकबाट आम्दानीको स्रोत समेत भएको रकम सटही भएमा मात्र स्वीकार गरिने र विदेश यात्रा गर्न दिने नीति लिएको थियो। विदेशबाट नेपाल फर्किंदा ल्याउने सुनको मात्रमा समेत पुनरावलोकन गरियो। भन्सार शुल्क तिरेर आयात गरिने सुनमा समेत सीमित मात्रामा मात्र ल्याउन पाउने व्यवस्था गरिएको थियो। यी नीतिको कार्यन्वयनबाट सुस्त गतिमै भए पनि बचतको मात्रा चालू आर्थिक वर्षमै बढ्नुपर्ने थियो। अर्थ व्यवस्थामा बचतको मात्रामा सुधार आउँदा प्रत्यक्षरूपमै बैंक र वित्तीय संस्थामा रकम वृद्धि हुन पुग्दछ। यसबाट तरलताको समस्या केही हदसम्म समाधान भई व्यवसायीले आफ्नो कारोबार सञ्चालन र सुचारु गर्न ऋण पाउने अवस्था बन्नुपर्ने हो, यद्यपि अपेक्षाअनुसारको सुधार हुन सकेन। अन्तर्राष्ट्रिय श्रम संगठनले गरेको प्रक्षेपणअनुसार नेपालमा २० लाख मानिसले रोजगारी गुमाउने वा कम पारिश्रमिकमा काम गर्नुपर्ने अवस्था आउने जनाएको छ। यो अवस्था आउँदा अर्थ व्यवस्थामा तरलताको अभाव वृद्धि हुने निश्चित छ।

> उत्पादक क्षेत्रमा रकम प्रवाह गराउने दिगो विकासका नीति कार्यान्वयनमा प्रभावकारिता आए मात्र समस्या समाधानमा सहयोग पुग्नेछ

### अबको बाटो

यो अवस्थाबाट मुक्तिपाउन केही कदम राष्ट्रले तैनाथ गर्नुपर्छ। पेट्रोलियम पदार्थहरू सरकारले लगाएको उच्च कर दरमा पुनरावलोकन गरी घटाउनुपर्छ। यसबाट उपभोक्ता लाभान्वित हुनेछन्। यी पदार्थहरू खरिद गर्न सक्ने क्षमता बन्नेछ। देशको आर्थिक अवस्थामा सुधार नआएसम्म अनावश्यक विलासिताका सामानहरूको आयातमा प्रतिवन्ध लगाउनुपर्ने स्थिति छ। बिस्तारै नेपाल गम्भीररूपमा वित्तीय संकटमा फसिराखेको छ। यसस्थितिमा ब्यापार घाटा बढ्ने, विप्रेसनको प्रवाह कम हुने र विदेशी मुद्राको संचितिमा पनि नकारात्मक रूपमा प्रभाव पर्दछ। सरकारले यो अवस्थाबाट मुक्ति पाउन विस्तृत गृहकार्य गरी उपयुक्त नीति र रणनीति अवलम्बन गर्न तदारुकता देखाउनु जरुरी छ। सरकारको गुणस्तरयुक्त हिसाबले खर्च गर्न सक्ने क्षमतामा वृद्धि गर्नु अत्यावश्यक छ। वित्तीय संकटको समाधानका लागि निजी क्षेत्रसँग सहकार्य हुनु जरुरी छ।

नेपालमा यस प्रकारको संकट आइपर्नुको सबैभन्दा ठूलो कारण अन्य देशबाट अत्याधिक मात्रामा सेवा तथा वस्तुहरू आयात गर्नु र विप्रेसनमा अर्थतन्त्र निर्भररहने अवस्था बन्नु हो। यसलाई यथासम्भव चाडो सम्बोधन गरिनु पर्दछ। समग्र अर्थतन्त्रमा सुधारल्याउने प्रयोजनकालागि दिगो आर्थिक नीति अवलम्बन गर्ने, निजी क्षेत्रसँगको सरकारको साझेदारीलाई प्रभावकारी बनाउने विषयलाई उच्च प्राथमिकतामा राखिनुपर्छ।

सरकारको खर्च गर्ने क्षमतालाई वृद्धि गर्दा राष्ट्रिय ढुकुटीमा रहेको रकमको प्रवाह हुन पुग्दछ, अर्थ व्यवस्था चलायमान हुन्छ। अनुत्पादक क्षेत्रमा प्रवाहहुने रकमलाई निस्तेजगर्न राष्ट्र बैंकले कडाकदम चाल्नु पर्दछ। अन्यथा आर्थिक क्रियाकलाप घट्दै जाँदा बजारमा मुद्रास्फितिको अवस्था सिर्जना हुन्छ। उत्पादक क्षेत्रमा रकम प्रवाह गराउने जस्ता दिगो विकासका नीतिहरू कार्यान्वयन प्रभावकारी रुपमा हुँदा यो समस्याको समाधान गर्न सहयोग पुग्नेछ। अन्यथा नेपालको वित्तीय अवस्था नाजुक भएको यथार्थ र यसबाट प्रताडित हुन नेपाली नागरिक तत्पर हुनुपर्ने स्थिति छ।

# कृषिमा उदासीन राज्य

## कृषि क्रान्तिको नारा लगाउने राजनीतिक दल नै कृषकको समस्या बुझ्न चाहँदैनन्



विष्णुप्रसाद खनाल

नेपाल आफैंमा एक कृषिप्रधान देश भएको कारण धेरै मानिसहरू कृषिमा आवद्ध छन् तर, नेपालको कृषि अझै पनि व्यावसयिक बन्न सकेको छैन। कृषिअन्तर्गत खाद्यान्न र नगदेबाली पर्ने गर्दछन्। कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदानका साथै प्रत्यक्षरूपमा कृषिमा आवद्ध जनसंख्यासमेत घट्दै गएको छ। कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अपेक्षित रूपमा वृद्धि हुन नसक्दा कृषिउपजको पैठारी निरन्तर बढ्दै गएको छ। वैदेशिक रोजगारमा जाने कामदारको संख्यामा निरन्तर वृद्धि हुँदै गएसँगै कृषि श्रमिकको अभावमा हिमाली एवं पहाडी क्षेत्रमा जग्गा बाँझो हुँदै गएको छ। अर्थ मन्त्रालयले जारी गरेको आर्थिक सर्वेक्षण २०७९/२०८० अनुसार कृषि क्षेत्र खासगरी कृषि, वन र मत्स्यपालन आर्थिक वर्ष २०७९/२०८० मा २ दशमलव ७ प्रतिशतले वृद्धि हुने अनुमान उल्लेख गरेको छ तर गत वर्ष यस्तो वृद्धिदर २ दशमलव २ प्रतिशत रहेको उल्लेख छ।

तथ्यांकअनुसार पछिल्लो एक दशकमा कृषिको औसत वृद्धिदर २ दशमलव ९ प्रतिशत छ। अभिलेखित तथ्यांकअनुसार आर्थिक वर्ष २०७० २०७१मा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३० दशमलव ३ प्रतिशत रहेकोमा यो आर्थिक वर्षमा यस्तो योगदान घटेर २४ दशमलव १ प्रतिशत रहने कुरा उल्लेख छ। एकातिर कृषि क्षेत्रमा आवद्ध जनसंख्या घट्दै गएको छ, मानिस कृषि पेसाभन्दा अन्य पेसामा आकर्षित हुन थाले, वैदेशिक रोजगारीमा जानेको संख्या बढ्दै जान थाल्यो फलस्वरूप कृषिको उत्पादन घटन थाल्यो।

त्यसैगरी, मानिसको बसाइसराइ उच्च बन्दै गएपछि पहाडी तथा हिमाली क्षेत्रमा उत्पादन घट्न थालेको स्पष्ट छ। त्यसैगरी, सन् २०१८ मा भएको श्रमशक्ति सर्वेक्षणका अनुसार कृषि क्षेत्रमा आवद्ध जनसंख्या ६० दशमलव ४ प्रतिशत रहेको छ भने सन् २०२१ म भएको श्रमशक्ति सर्वेक्षणअनुसार यस्तो जनसंख्या ५० दशमलव ४ प्रतिशत रहेको अनुमान छ।

राज्यले आर्थिक वर्ष २०७९/८० का लागि कच्चा दूध लगायत धान, गहुँ र उखुको न्यूनतम समर्थन मूल्य तोके पनि लागतअनुसारको मूल्य कृषकले पाउन सकेका छैनन्। कृषि क्षेत्रमा अनुदान कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न विगत लामो समयदेखि सरकारले यस क्षेत्रमा विभिन्न अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। संघीयताको कार्यान्वयनसँगै संघ, प्रदेश र स्थानीय तह गरी तीन तहबाट कृषि क्षेत्रमा विभिन्न अनुदानका कार्यक्रम सञ्चालनमा रहेका छन्। विशेषगरी, रासायनिक मल, बीउबीजन, नस्ल, बिरुवा, मेशिनरी, औजार, उपकरण जस्ता कृषि आगतमा सरकारले अनुदान सहायता उपलब्ध गराउँदै आएपनि बास्तविक किसानसँग पुग्न सकेन।

बैंक तथा वित्तीय संस्थाबाट बर्सेनि प्रवाह हुने सहुलियतपूर्ण कृषि कर्जा निरन्तर बढ्दै गइरहेको छ। उत्पादनमा आधारित भएर उखुलगायतका कृषि उपजमा समेत सरकारले अनुदान सहायता उपलब्ध गराउँदै आएको भन्ने तथ्यांकको भिन्नो आशामा किसानहरू छन्। तथ्यांकअनुसार यो आर्थिक वर्षको फागुनसम्म फलफूल तथा नट्स, चिया, पिठोलगायतका वस्तुको निकासी बढेको छ भने पशुपन्छीको आहारा, बोसो तथा तेल, जुट लगायतको वस्तुको निकासी घटेको छ। त्यसैगरी, दुग्ध पदार्थ, कफी, पिठो लगायतका वस्तुको पैठारी बढेको छ भने तरकारी तथा दलहन, फलफूल तथा नट्स, धान /चामल, मकै तथा गहुँको पैठारी घटेकोले कृषिजन्य वस्तुको पैठारी उच्च रहनुले मुलुक आधारभूत खाद्यान्नमा आत्मनिर्भर हुनसमेत निकै मेहनत गर्नुपर्ने देखिन्छ। तसर्थ, कम्तिमा पनि आधारभूत खाद्यान्नमा मुलुकलाई आत्मनिर्भर बनाउने गरी कृषि, सिँचाई, वाणिज्यलगायतका क्षेत्रगत नीतिको समयानुकूल परिमार्जन गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

सरकारले कृषिक्षेत्रको व्यवस्थापन वतथा विकास गर्नको लागि १५ औं पञ्चवर्षीय योजनामा खाद्य तथा पोषण सुरक्षा तथा खाद्य सम्प्रभुता सहितको दिगो प्रतिस्पर्धी एवं समृद्ध कृषि अर्थतन्त्रको निर्माण गर्ने सोच तथा प्रतिस्पर्धी जलवायु अनुकुल आत्मनिभएर एव निर्यातमूखी उद्योगको रूपमा कृषि क्षेत्रलाई रूपान्तरण गर्दै समावेशी र दिगो आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखिएको छ। उक्त योजनामा कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नु, कृषिमा आधारित उद्योगको विकास गरी रोजगारी तथा आम्दानी वृद्धि गर्नु, व्यवसायीकरण तथा प्रतिस्पर्धात्मक क्षमता विकास गरी कृषि क्षेत्रको व्यापार सन्तुलन गर्ने उद्देश्य तय गरिएको छ।

निर्धारित, सोच, लक्ष्य र उद्देश्य पूरा गर्ने सवालमा योजनामा संघ, प्रदेश र स्थानीय तह तथा सम्बन्धित सरोकारवालासँगको समन्वय तथा सहकार्यमा कृषिसम्बन्धी नीति, कानुन तथा योजना निर्माण गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने। कृषि क्षेत्रको उत्पादकत्त्व वृद्धि गर्न शिक्षा, अनुसन्धान र पद्धतिलाई एकीकृत गर्दै प्रभावकारी बनाउने र गुणस्तरीय बनाउने र गुणस्तरीय सामग्री उत्पादन तथा सेवा उपलब्धताको सुनिश्चित गर्ने रणनीति तय गरिएको छ। त्यसैगरी, कृषिमा निजी क्षेत्रको लगानी वृद्धिको उचित वातावरण सिर्जना गर्न नीति तथा संरचनागत सुधार र कार्यक्रम सहयोग तथा सहजीकरण गर्ने र कृषि पूर्वाधारको विकास, बजार सूचना प्रणालीको स्थापना, साना तथा मझ्यौला कृषि उद्यमको विकास, खाद्य स्वच्छता र गुणस्तर वृद्धि गर्दै, प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्ने वातावरण निर्माण गरिएको छ।

स्थानीय सम्भाव्यताका आधारमा उत्पादनशील कृषकको प्राविधिक, व्यावसायिक तथा संस्थागत क्षमता अभिवृद्धिका साथै उनीहरूको अधिकार सुनिश्चित गर्दै, उत्पादन र बजारीकरणलाई नाफामूलक बनाउने र तुलनात्मक लाभ एवं उच्च मूल्यांकन तथा वस्तुको बजारीकरण गरी, निर्यात पर्वद्धन गर्ने रणनीतिहरू अवलम्बन गरिएको भए तापनि योजना कार्यान्वियनको अन्तिम वर्षसम्म आइपुग्दा योजनामा उल्लेखित कुराहरू पूरा नभएको कुरा स्पष्ट छ। नेपालको संविधानले खाद्यसम्बन्धी अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ तर यो कागजमा मात्र सीमित भएको छ। यसै सन्दर्भमा विभिन्न कारणले उत्पन्न हुनसक्ने खाद्य तथा पोषण संकटको अवस्थालाई मध्यनजर गर्दै प्रमुख खाद्यान्न, फलफूल, तरकारी र माछामासु उत्पादनमा आत्मनिर्भरताका लागि कृषिमा नीतिगत संरचनागत र संस्थागत सुधारको आवश्यकता छ।

देशलाई खाद्य सम्प्रभुत्व तुल्याउन र स्वाधीन अर्थतन्त्रको विकास गर्न कृषि क्षेत्रमा उल्लेख्य मात्रामा लगानी बढाउन आवश्यक छ। नेपालको संविधानका अधिकारसूची, कृषि क्षेत्रको समग्र विकासका लागि मार्गचित्रका रूपमा रहेको कृषि विकास रणनीति (सन् २०१५ २०३० र दिगो विकास लक्ष्यलाई मार्गदर्शनका रूपमा लिइएको छ।

कृषि उत्पादकत्व वृद्धि गर्न अपरिहार्य स्रोत साधन र सामग्रीको न्यून उपलब्धता आवश्यक भौतिक पूर्वाधार जस्तै सिँचाइ, सडक, कृषि बजार, शीत भण्डार, गोदामघर संकलन केन्द्र, तथा बिजुलीको अप्रयाप्तता, मूल समस्याका रूपमा देखिएका छन्, कृषिजन्य उत्पादनमा आशातीत उपलब्धि हासिल गर्न आवश्यक उन्नत नस्ल तथा बिउको प्रतिस्थापन दर पनि अत्यन्तै कम छ। पूर्वाधार कमी हुनुले कृषिको आधुनिकीकरण, यन्त्रीकरण, व्यवसायीकरण तथा औद्योगिकीकरणमा थप बाधा पुगेको छ। यसले गर्दा भूमि तथा श्रमशक्तिको उत्पादकत्व निकै न्यून रहेको छ। फलस्वरूप, देशमा खाद्यान्न आयात अपेक्षित रूपमा घट्न सकेको छैन।

उत्पादित खाद्यवस्तु पनि, समुचित भण्डारण, प्रशोधन, तथा मूल्य अभिवृद्धि गरी प्रतिफल, यथोचित रूपमा बढाउन सकिएको छैन। जलवायु परिवर्तनबाट यस क्षेत्रमा पर्न गएको प्रभावलाई कम गर्न अनुकूलनको माध्यमबाट जलवायु उत्थानशील तथा वातावरणमैत्री कृषि प्रणालीको उपयोग गर्न पनि समस्या रहेको छ। व्यावसायिक पकेट क्षेत्रमा अनियन्त्रित र असन्तुलित रूपमा जीवनाशक विषादी एन्टिबायोटिक्स तथा रासायनिक पदार्थको प्रयोगले मानव तथा वातावरणीय स्वास्थ्यमा असर गरेको छ। खाद्य स्वच्छता र खाद्य पदार्थमा पौस्टिक तत्त्वको स्रोत र उचित उपयोगबारे चेतना र ज्ञानको कमीले गर्दा स्वस्थकर खानपान तथा सोका लागि व्यवहार परिवर्तन गर्न कठिनाइ रहेको छ। साथै खाद्यवस्तुको गुणस्तर नियमन पनि कमजोर रहेको छ।

अधिकांश कृषक साना र मझ्यौला स्तरमा रहेका कारण तिनको दक्षता वृद्धि गरी व्यवसायीकरण गर्न एवं कृषि क्षेत्रमा जलवायु परिवर्तनका नकारात्मक असर न्यूनीकरण गर्दै प्राकृतिक प्रकोपसँग जुध्ने क्षमता विकास गर्नु चुनौतीपूर्ण छ। व्यावसायिक वातावरणको अपर्याप्ताका कारण कृषिका लागि आवश्यक पर्ने श्रमशक्तिका रूपमा रहेको युवा जनशक्ति अन्य क्षेत्र तथा वैदेशिक रोजगारीमा संलग्न भएका कारण यस क्षेत्रमा ह्रास आएको छ। यसको अतिरिक्त अव्यवस्थित सहरीकरण, जग्गाको खण्डीकरण र जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै कृषि भूमिलाई उपयोगमा ल्याउनु तथा कृषि प्रसार सेवामा कृषकको पहुँच अभिवृद्धि गर्नु, सीमित स्रोत र साधन, कृषि ऋण बिमा, प्रविधि र ज्ञानको प्रयोगलाई तादाम्यता ल्याई उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु तथा समग्र कृषि क्षेत्रको उत्पादन लागत कम गरी प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु चुनौतीका रूपमा रहेका छन्।

उच्च प्रविधियुक्त तथा अनुदानसहित कृषि क्षेत्रको प्रवर्द्धन गरिरहेको दुई ठूला देशबीच रहेको नेपालीमा विद्यमान गुजारामुखी कृषिलाई रूपान्तरण गरी प्रतिस्पर्धात्मक एवं व्यवसायमुखी बनाउँदै औद्योगिक किकासमा आबद्ध गर्ने कार्य चुनौतीपूर्ण रहेको छ। कृषि तथा पशुपन्छीजन्य उत्पादनमा विषादी, एन्टिबायोटिक्स, हानिकारक रसायन, हर्मोन आदिको अवशेष कम गरी वातावरण तथा जनस्वाथ्यमा पर्ने नकारात्मक प्रभाव घटाउँदै जानु, युवा श्रमशक्तिलाई श्रम सीप र पुँजीसहितको यो पेसालाई सम्मानित बनाई प्रोत्साहनसहित आकर्षित गरिरहनु कृषि तथा पशुपन्छीजन्य वस्तुको उत्पादन, प्रशोधन र बजारीकरणलाई लागत प्रभावी बनाउनु, कृषि क्षेत्रको व्यापारलाई सन्तुलनमा राख्नु, गुणस्तर एवं स्वच्छता नियमन कार्य प्रभावकारी तुल्याई प्रतिस्पर्धात्मक बनाउनु, कृषि क्षेत्रको उत्पादन वृद्धि गरी आत्मनिर्भर बन्न संघ, प्रदेश र स्थानीय तहको लगानी एवं सेवालाई थप प्रभावकारी बनाई अन्तरसरकार सहकार्य र समुन्नत चुस्त बनाउनुसमेत चुनौतीका रूपमा रहेका छन्।

> रासायनिक मल, बिउबिजन, नस्ल, बिरुवा, मसिनरी, औजार तथा अनुदान सहायता वास्तविक किसानसम्म पुग्न सकेन

राज्यले कृषिका लागि थोरै बजेट छुट्याउने गर्दछ तर त्यो विनियोजन गरिएको बजेट पनि किसानसम्म पुग्दैन। सरकारले विभिन्न नारा तय गरी हरेक वर्ष राष्ट्रिय धान दिवस मनाउने गर्दछन् तर विडम्बना के छ भने देश देशमा उत्पादन भएको धानले देशका नागरिकलाई नै खान पुग्दैन। कृषि क्रान्तिको नारा लगाउने राजनीतिक दलले नै कृषकको समस्या बुझ्न चाहदैनन्। उखु किसानले त झनै बिक्री भएको उखुको मूल्य पाउन माइतीघर मण्डलामा धर्ना बस्नुपर्ने अवस्था छ। यस्तो अवस्थामा राज्यले किसानका लागि केही गर्न नसकेको देखिन्छ।

कृषि विकासको अवस्थालाई लिएर देशमा मन्त्री र सरकारी कर्मचारीबीच एकअर्कालाई दोषारोपण गर्ने गरेको पाइन्छ। एकातिर कृषकले समयमा मल, बिउ पाउन सकेका छैनन् भने अर्कोतिर उत्पादित बस्तुले बजार पाउन सकेका छैनन्। यसरी हेर्दा समग्रमा राज्यका सबै अंगहरू कृषि र कृषकप्रति उदासीन देखिन्छ जसले देशलाई परनिर्भरताको चरम बिन्दुतर्फ धकेलेको देखिन्छ। मल बिउ, सिँचाइ अभावका कारण किसान एकातिर मर्कामा पर्ने गरेका छन्। बिस्तारै जमिन बाँझो बन्दै गएको छ भने भएको जमिनमा समेत उत्पादन घट्दै गएको छ। पशुपालन क्षेत्रको अवस्था पनि त्यस्तै छ।

आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यको बुँदा नम्बर ८४ मा कृषि आधुनिकीकरण र व्यवसायीकरणको कुरा गरिएको छ भने बुँदा ८५ मा उत्पादन साधमा, अनुदान हातमा भन्ने नारालाई उठाइएको छ तर यस खालका नारा केवल नारामा मात्र सीमित हुने देखिएको छ। बजेटमा प्रधानमन्त्री कृषि परियोजनाका लागि २ अर्ब २२ करोड, मलमा अनुदान दिन ३० अर्ब विनियोजन गरिएको देखिन्छ तर, यो बजेट किसानसम्म पुग्दैन। अनुदानको नाममा नक्कली किसानले अनुदान पाउने र सक्कली किसान मर्कामा पर्ने गरेको इतिहास साक्षी राज्यले यसलाई सुधार गर्नु जरुरी छ। नेपालमा कृषिसम्बन्धी राष्ट्रिय खाद्य स्वच्छता नीति २०७५, राष्ट्रिय कृषि वन नीति २०७६, राष्ट्रिय मल नीति २०५८, राष्ट्रिय चिया नीति २०५७, कृषि नीति २०६१ नभएका होइनन् तर कार्यान्वयन प्रभावकारी नभए पनि यी नीतिहरू केवल कागजमा मात्र सीमित छन्।

# मुख्य महान्यायाधिवक्ता सम्मेलनद्वारा ९ बुँदे घोषणपत्र जारी

**सुजीतकुमार भत्र/राजधानी**
जनकपुरधाम

सातै प्रदेशका मुख्य महान्यायाधिवक्ताको चौथो राष्ट्रिय सम्मेलन ९ बुँदे जनकपुरधाम घोषणापत्र जारी गर्दै आज सम्पन्न भएको छ।

मधेस प्रदेशका मुख्य न्यायाधिवक्ताको कार्यालयको आयोजनामा जनकपुरधाममा भएको दुईदिने सम्मेलनको घोषणापत्रमा कानुनको शासन, मानवअधिकार, संघीय लोकतान्त्रिक गणतन्त्रको संरक्षण र संवर्द्धनप्रति प्रतिबद्धता गर्दै सम्पन्न भएको हो।

सम्मेलनले नेपालको सविधान, मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा सर्तसम्बन्धी ऐन र मुलुकी फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनमा भएको कानुनी व्यवस्थाअनुसारका अधिकार संघीयताको मर्म र भावनाअनुरूप सबै प्रदेशमा एकरूपता कायम गर्नेगरी कार्यान्वयनमा जोड दिएको छ।

यसैगरी, प्रोबेसन तथा प्यारोल बोर्टलगायतका कानुनी प्रावधानको कार्यान्वयनका लागि नियमावलीलगायत आवश्यक कानुन तत्काल निर्माणमा सरोकारवाला सबै पक्षसँग मुख्य महान्यायाधिवक्ता राष्ट्रिय सम्मेलनले माग गरेको छ।

घोषणापत्रको तेस्रो बुँदामा नेपालको सविधानको अनुसूची ७ र ९ मा रहेका साझा अधिकारको सूचीसँग सम्बन्धित विषय तत्काल परिभाषित गरी तीनै तहका अधिकारका सीमा स्पष्ट गर्न आग्रह गरिएको छ।

यसै, अदालतबाट भएका फैसलाको कार्यान्वयनका लागि जिल्ला तथा उच्च सहकारी वकिलको कार्यालयलगायतका सम्बद्ध कार्यालयसँग समन्वय गरी कानुनको शासनलाई थप सुदृढ गराउन सम्मेलनले प्रतिबद्धता प्रकट गरेको पत्रकार सम्मेलनमा मधेस प्रदेशका मुख्य न्यायाधिवक्ता वीरेन्द्र ठाकुरले जानकारी दिए।

घोषणापत्रको अन्य बुँदाहरूमा प्रदेशको कानुन निर्माण गरी शान्ति सुरक्षालाई थप सुदृढ गर्न र प्रदेशको भूमिका प्रभावकारी बनाउन सम्मेलनले प्रतिबद्धता गरेको छ।

यसैगरी, बाल सुधारगृह बालमैत्री नभएको, क्षमताभन्दा बढी बालबालिका राखिएको, आवश्यकता अनुरूपको शिक्षा आर्जन गर्ने उपयुक्त वातावरण नभएको परिप्रेक्षमा बालबालिकाको हित ध्यानमा राखेर बाल सुधारगृहका साथै बालबालिकाको मानवअधिकारको रक्षाका लागि मुख्य महान्यायाधिवक्ता सम्मेलनले आह्वान गरेको छ।

प्रदेश कानुनमा समावेश भएका र समावेश हुने सजायसम्बन्धी अनुसन्धान र अभियोजनलगायतका कार्य मुख्य न्यायाधिवक्ताको कार्यालयले गर्नेगरी सविधान संशोधन र आवश्यक कानुनको निर्माणका लागि सम्मेलनले माग गरेको घोषणापत्रमा उल्लेख रहेको छ।

मुख्य न्यायाधिवक्ताको कार्यालयमा रहने न्यायाधिवक्तासहितका सम्पूर्ण कर्मचारीको व्यवस्थापन प्रदेश लोकसेवा आयोगले नै गर्नेगरी सविधानको संशोधन गर्नुपर्ने र मुख्यमन्त्रीको पोखरामा भएको राष्ट्रिय भेलाले पारित गरेको घोषणापत्र र अन्तर प्रदेश समन्वय परिषद्को बैठकबाट भएका निर्णय कार्यान्वयनका लागि मुख्य महान्यायाधिवक्ता जनकपुरधाममा सम्पन्न भएको सम्मेलनले कार्यान्वयनका लागि माग गरेको छ।

घोषणापत्रमा विभिन्न ६ प्रदेशका मुख्य न्यायाधिवक्ताले हस्ताक्षर गरेका छन्। यसरी हस्ताक्षर गर्नेमा सुदूरपश्चिमका मुकुन्द उपाध्याय, कर्णाली प्रदेशका नरबहादुर खड्का, लुम्बिनी प्रदेशका प्राध्यापक डा. बुद्धबहादुर थापा क्षेत्र, गण्डकी प्रदेशका चिरञ्जीवी शर्मा पौडेल, बाग्मती प्रदेशका ज्ञानेन्द्र नेपाल र मधेस प्रदेशका वीरेन्द्रकुमार ठाकुर छन्।

# नयाँ ऐनअनुसार कैलालीमा ४४ जनाले लिए नागरिकता

**दीपक ओली/राजधानी**
धनगढी

नयाँ नागरिकता ऐनअनुसार कैलालीमा ४४ नयाँ नागरिकता वितरण भएका छन्। राष्ट्रपतिबाट प्रमाणीकरण भएको नागरिकता विधेयक लागू गर्न मिल्नेगरी असार ७ गते सर्वोच्च अदालतले बाटो खुला गरेपछि नयाँ कानुनअनुसार नागरिकता वितरण सुरु भएको हो। गृह मन्त्रालयको तथ्यांकअनुसार नयाँ ऐन लागू भएपछि कैलालीमा ४४ जनाले नेपाली नागरिकता लिएका छन्।

नयाँ कानुनअनुसार विशेषगरी जन्मका आधारमा नेपाली नागरिकता लिएकाका सन्तान र बाबुको पहिचान नखुलेका नेपाली आमाबाट जन्मेका सन्तानलाई नेपाली नागरिकता वितरण सुरु गरिएको थियो। जिल्ला प्रशासन कार्यालय कैलालीका अनुसार नयाँ नागरिकता ऐनअनुसार कैलालीको सुखडबाट एक महिला, टीकापुरबाट चार महिला र १० पुरुषले नागरिकता लिएका छन्।

त्यस्तै, धनगढीबाट ९ महिला र २० जना पुरुषले नयाँ ऐनअनुसार नागरिकता लिएको जिल्ला प्रशासन कार्यालय कैलालीका सूचना अधिकारी शिवराज जोशीले जानकारी गराए। गत जेठ १७ गते राष्ट्रपति रामचन्द्र पौडेलले नागरिकता विधेयक प्रमाणीकरण गरेका थिए। विधेयक राजपत्रमा प्रकाशित भएलगत्तै नागरिकता वितरण सुरु भएको थियो।

नेपालको सविधान २०७२ मा जन्मसिद्ध नेपाली नागरिकका सन्तान, बाबुको पहिचान नखुलेका नेपाली आमाबाट जन्मेका सन्तानले बंशजका आधारमा नगरिकता लिन सक्ने व्यवस्था गरिएको छ।

यसअघि बाबुको पहिचान नखुलेको आमाबाट जन्मेका सन्तानले नागरिकता प्राप्त गर्न सकेका थिएनन्। नयाँ नागरिकता ऐनले गैरआवासीय नागरिकलाई पनि नेपाली नागरिकता लिने सक्ने बाटो खुला गरिदिएको छ। नयाँ ऐनअनुसार २०७२ असोज ३ गतेभन्दा अघि जन्मका आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निजको उमेर १६ वर्ष पूरा भएपछि बंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ।

नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिले बंशजका आधारमा नागरिकता प्राप्त गर्नेछ।

यस ऐनबमोजिम बंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिलाई आमा वा बाबुको थर र ठेगानामध्ये निजले रोजेको थर र ठेगाना उल्लेख गरी नागरिकता दिन सकिनेछ।

विदेशी मुलुकको नागरिकता प्राप्त गरी सार्क सदस्यराष्ट्रबाहेकका देशमा बसोबास गरेको र साबिकमा बंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उपभोग गर्न पाउने गरी गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ।

## उनकै गीत...

संगीतकर्मी, सिने कलाकार, आफन्तसहित १ हजार बढी शुभचिन्तकले खादा र पुष्पगुच्छा यी गायकप्रति अर्पण गर्दै उनलाई अन्तिम बिदाइ गरे।

त्यहाँबाट सुरु भएको शवयात्रा रबिनको प्रिय स्थल ठमेल हुँदै स्वयम्भू परिक्रमा गरियो। त्यसपछि शोभा भगवती ल्याएर उनको अन्तिम संस्कार गरियो। सो क्रममा रबिनलाई पत्नी र उनका दुई छोरीले अन्त्यमा अंकमाल गरेर रुँदै सधैंका लागि बिदाइ गरे।




तत्कालै संगीतकार महेश खड्काले भने, 'मृत्युपछि अरू स्वर्गीय हुन्छन्। तर, कलाकार आफ्नै सिर्जनाका कारण जीवित रहने हुँदा उनीहरू कहिल्यै स्वर्गीय हुँदैनन्,' उनले अगाडि थपे, 'हामीले अम्बर गुरुङको देहान्तसँगै रोएरभन्दा पनि उनीहरूले गीत गाएर श्रद्धासुमन अर्पण गर्दै बिदा गर्ने परम्परा सुरु गरेको थियौं र सोही परम्पराअनुसार आज पनि रबिन दाइका दुईवटा गीत गाएर उहाँलाई अन्तिम बिदाइ गर्दै छौं।'

गायक रबिन तामाङको गत मंगलबार बेलुका काठमाडौंको बूढानीलकण्ठस्थित उनकै घरमा हृदयघातबाट निधन भएको हो। पत्नी बाहिर गएको बेला उनी घरमा एक्लै थिए। पत्नी घर आइपुग्दा उनी मृत अवस्थामा भेटिएका थिए। उनको छोरी विदेशमा भएका कारण शनिबार मात्र काठमाडौं आइपुगेका कारण आइतबार अन्त्येष्टि गरिएको हो।

अन्त्येष्टि समारोहमा अग्रज रक संगीतकर्मी ज्योति रानाले आफूहरूलाई सधैं रक गाउनमा ऊर्जा दिने रबिनलाई गुमाउँदा निकै पीडा भएको बताए। मुक्ति एन्ड सर्भाइबल ब्यान्डका गायक मुक्तिले रबिनको निधन नेपाली रक संगीतको लागि इतिहासकै ठूलो क्षति हो भने।

अर्की रक स्टार अभया सुब्बाले रबिन आफ्नो अत्यन्त मिल्ने साथी भएको बताउँदै उनको योगदानलाई नेपाली रक संगीतले कहिल्यै नभुल्ने बताए। यस्तै, अर्का पप तथा रक गायक कर्वान्द्रमान श्रेष्ठले आफूहरूलाई गायनमा सधैं अघि बढाउने गायक रबिनको अभाव जीवनभर रहनेछ भने।

नेपाल संगीतकर्मी संघका अध्यक्ष एवं प्राज्ञ चेतन सापकोटाले रबिन तामाङको निधनले नेपाली रक संगीतसँगै नेपाली चलचित्र उद्योगलाई नै क्षति पुगेको बताए। आफूले उनीसँग धुप्रै काम गरेको स्मरण पनि सुनाए।

यस्तै, गायक सत्यराज आचार्यले सिनेमामा खतरनाक भिलेनका रूपमा प्रस्तुत हुने रबिन तामाङ वास्तविक जीवनमा निकै मिलनसार भएको बताए। समयको पक्का रबिनबाट आफूले हरेक काम सही समयमा गर्नुपर्छ भन्ने पाठ सिकेको बताउँदै उनको निधप्रति दुःख व्यक्त गरे।

संगीतकार महेश खड्काले रबिन तामाङसँग एउटा चलचित्रका लागि गीत रेकर्ड गराएर पनि सो गीत फिल्ममा राख्न नसक्दाको पीडा सुनाउँदै नेपाली रकगीतको स्टार गुमाउँदाको रकसंगीतप्रेमी टुहुराजस्ता भएका जनाए।

नेपाल सांगीतिक संघका अध्यक्ष मिलन मोक्तानले आफ्ना समुदायका निकै महत्त्वपूर्ण व्यक्तिलाई यसरी अकस्मात् गुमाउँदाको पीडा व्यक्त गर्न नसक्ने बताउँदै रबिनको योगदानको चर्चा गरे। समारोहमा राजु सिंहले सबै संगीतप्रेमीका लागि रबिन एक उदाहरणीय स्रष्टा भएको बताए।

२५ अप्रिल सन् १९६३ मा सिंगापुरमा जन्मिएका उनी ६० वर्षको उमेरमा हामीबाट टाढा भएका छन्। गाउँदा गाउँदै हामीबाट टाढा भएका रबिनका तीन दर्जन बढी रक गीत हिट छन्। सन् १९९६ मा आफ्नै रक ब्यान्ड रबिन्द एन्ड द लुजामार्फत रकगायनमा उदाएका उनी रकमा नेपालको सर्वाधिक रुचाएका स्टार गायक तथा स्टेज पर्फमर थिए।

## आरजु देउवा...

वास्तविकता चाहिँ के रहेछ भने सो टेप र त्यसको आवाज सक्कली भएको पुष्टि १० जेठमा नै अदालतमा बुझाइएको मिसिलमा नै सामेल गरिएको रहेछ। स्वयं अभियुक्त सन्देश शर्माले सो आवाज आफ्नै भएको स्वीकारेका रहेछन्। तर, सन्देश शर्माले त्यो वार्तालापमा भएको कथनप्रति भने इन्कारी गरेका रहेछन्।

स्रोतका अनुसार सन्देश शर्माले इन्कारीमा भनेका छन्, 'जाहेरवाला गजेन्द्र बुढाथोकी र रामकुमार रेग्मीले मलाई पहिले नै फोन सम्पर्क गरी हामीले पैसा लिएका मानिसले हामीलाई समस्यामा पारिसके। निजहरू आएको समयमा हामी तपाईंलाई फोन गर्छौं। सो समयमा तपाईंले हामीले भनेको मानिसलाई रकम बुझाएको छौं भनी जानकारी गराइदिनुभयो भने बच्छौं भनी पहिले नै भनेका थिए। त्यहीअनुसार मैले फोन गरेको हुँ। पहिले नै उनीहरूको नाम लिई पैसा दिएको हो भनी भन्नु भनेको हुँदा उनीहरूले भनेअनुसार आरजु देउवा तथा बालकृष्ण खाण र तपाईंले हामीले भनेको मानिसलाई रकम बुझाएका छौं भनी जानकारी गराइदिनू भनेर मञ्जु खाणको समेत नाम लिई मैले रकम बुझाएको हो भनी कुरा गरेको हो।'

यो परिप्रेक्षमा धेरैको अपेक्षाअनुसार डा. आरजु देउवा गिरफ्तार होलिन् त? यी तथ्यहरूलाई मात्र हेर्दा त आरजु देउवा चोखिने पो देखिन्छन् त! पूरक अनुसन्धानबाट थप तथ्य उजागर भएमा कुरो बेग्लै हो।

## बिहान सहमति...

स्रोतहरूका अनुसार, जवाफमा प्रधानमन्त्री दाहालले ओलीका दुवै अडानप्रति गम्भीर असहमति प्रकट गरेका थिए। उनले आफ्नो अभिव्यक्तिपछि बीचबीचमा कसैले बोलेका कुरा सबै फिर्ता लिने, प्रष्टीकरण दिने कुरा कसरी सम्भव छ भन्दै आक्रोश पोखेका थिए। 'तपाईं आफैले पनि विद्यार्थीको कार्यक्रममा गएर हुँदै नभएको 'रअ'का अधिकारीलाई भेटेको आरोप लगाउनुभएको होइन, यो पुष्टि हुने कुरा हो त?, तपाईंकै महासचिवले पनि त केके बोल्नुभएको छ त?' भन्ने प्रश्न पनि ओलीसमक्ष तेर्स्याएका थिए।

सिंहदरबारमा सहमति गरेपछि नयाँ बानेश्वर आएका एमाले अध्यक्ष ओलीले प्रधानमन्त्री दाहाललाई टेलिफोन गरेर नयाँ सर्त सार्नुको कारण उनमा प्रेस सल्लाहकार आचार्य र गृहमन्त्री श्रेष्ठले सामाजिक सञ्जाल फेसबुकमा राखिएको विषयबारे 'अपडेट' नहुनु नै कारण मानिएको छ।

स्रोतहरूका अनुसार, प्रधानमन्त्रीका प्रेस सल्लाहकार आचार्यले २१ असारमा विज्ञप्ति निकालेको भए पनि ओलीले आइतबार मात्रै पढेका थिए। ओलीलाई आचार्यको विज्ञप्तिबारे कसैले जानकारी गराएका रहेनछन्।

'प्रेस सल्लाहकार आचार्यको विज्ञप्ति पूरै पढेपछि आक्रोशमा आएका ओलीले 'प्रेस सल्लाहकारले निकालेको विज्ञप्तिमा एमालेप्रति गम्भीरआरोप लगाउनुभएको रहेछ, त्यो फिर्ता लिन्छु भन्नुस्। विज्ञप्तिमा उल्लेख भएअनुसार गल्ती गरेको हो भने प्रमाणित गरेर, समातेर लैजानुभएहुन्छ' भनेर भनेको स्रोतको भनाइ छ।

प्रधानमन्त्री दाहाल र कांग्रेस सभापति देउवासँग संसद् सञ्चालन गर्न दिने सहमति गरेर निस्किएका ओली प्रधानमन्त्रीका प्रेस सल्लाहकार आचार्य र गृहमन्त्री श्रेष्ठको टिप्पणीप्रति 'अपडेट' भएपछि उनले पुनः राजीनामाको अडान दोहोर्‍याएका छन्। 'संसद् प्रधानमन्त्रीले बन्द गराउनुभएको हो, हामीले होइन, उहाँले हामीमाथि गम्भीर आरोप लगाउनुभएको छ, त्यो फिर्ता लिनुभएको छैन, त्यो कायम राखेर सहमति हुँदैन,' अध्यक्ष ओलीले आइतबार दिउँसो संसद् भवन परिसरमा सञ्चारकर्मीमाझ भने। 'प्रचण्डको २१ गतेको वक्तव्य हेर्नुहोस्, हाम्रो राजीनामा नै माग छ, राजीनामा दिएपछि सहमति जुट्छ,' उनले भने।

उता, ओलीले टेलिफोन गरेलगत्तै प्रधानमन्त्री दाहालले सभामुख देवराज घिमिरेलाई बालुवाटारबाट फोन गरेर बैठक सोमबारसम्मका लागि सार्न आग्रह गरेका थिए। सोहीअनुसार सभामुखले सोमबार ३ बजेसम्मका लागि बैठक सरेको सूचना टाँस्न लगाएका थिए।

आइतबार ३ बजेका लायि तय भएको बैठक सोमबारका लागि सरेपछि दलहरू पुनः आरोप प्रत्यारोपमा उत्रिएका छन्। माओवादी र कांग्रेसले आइतबार बैठक बस्न नसक्नुमा ओलीले सहमतिपछि पनि प्रधानमन्त्री दाहाललाई टेलिफोन गरेर नयाँ नयाँ सर्त सार्नुलाई मानेका छन्।

माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेका अनुसार, ओलीले प्रधानमन्त्री दाहाललाई टेलिफोनमा अघि सारेका सर्त नै संसद् बैठक बस्न नसक्नुको कारण हो। 'सिंहदरबारमा सहमति गरेर निस्केको आधा घण्टापछि ओलीले फोन गरेर 'भएन' है भन्नुभयो। भएन भनेपछि उहाँले संसद् अवरोध गर्ने नै देखियो, त्यसैले आइतबारको बैठक स्थगित भएको हो,' पाण्डेले भने। कांग्रेस प्रमुख सचेतक रमेश लेखक पनि संसद् भवनमा पुगेपछि एमालेले बोली फेरेको बताउँछन्। 'प्रधानमन्त्रीले जवाफ दिने र संसद् खुलाउने सहमति भएको थियो, सदनमा आएपछि जवाफ सुन्ने र चित्त नबुझे अवरुद्ध हुन्छ भन्ने आयो। एमालेले कुरा फेरेका रूपमा बुझ्यौं र आजको बैठक बस्न सकेन,' लेखकले भने।

एमाले प्रमुख सचेतक पदम गिरीले भने प्रधानमन्त्री दाहालकै आग्रहमा आइतबारको बैठक सोमबारलाई सारेको दाबी गरे। 'हामी त सहमतिअनुसार अघि बढ्न तयार थियौं तर प्रधानमन्त्रीले नै सोमबारसम्म बैठक स्थगित गर्नु भनेर सभामुखलाई भन्नुभएछ,' उनले भने।

एमाले सचिवसमेत रहेका योगेश भट्टराईले भने प्रतिनिधिसभा बैठक सारिएकोप्रति असहमति जनाएका छन्। आइतबार प्रतिनिधिसभा बैठक बस्दै नबसी सरेपछि उनले सामाजिक सञ्जाल ट्वीटरमार्फत असन्तुष्टि जनाएका हुन्।

'हामी त प्रधानमन्त्रीको जवाफ सुन्न संसद् भवन पुगेका मात्र थियौं। प्रधानमन्त्रीकै अनुरोधमा आजको बैठक भोलि असार २५ गतेलाई सारिएको सूचना आयो। जवाफ तयार गर्नुअघि कतै सोध्नुपर्ने हो कि? किन सारिएछ कुन्नि?' भट्टराईले लेखेका छन्।

गत सोमबार प्रितम सिंहको पुस्तक विमोचनमा प्रधानमन्त्री दाहालले दिएको अभिव्यक्तिपछि एमालेले लगातार संसद् अवरुद्ध गर्दै आएको छ।


**चाँगुनारायण नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
खरिपाटी भक्तपुर
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मितिः २०८०/०३/२५

यस नगरपालिका अन्तर्गत तपशील अनुसारको बोलपत्र नं. मा उल्लेखित कार्यको लागि मिति २०८०/०२/२४ मा राजधानी दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित वोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार तोकिएको मिति भित्र रित पूर्वक दर्ता हुन आएका वोलपत्रको कबोल अंक मूल्यांकन समितिबाट सबै भन्दा बढी मूल्यांकित भई सारभूत रुपमा प्रभावग्राही देखिई स्वीकृतीको लागि सिफारिस भएकाले तपशील बमोजिमको बोलपत्र छनौट भएको व्यहोरा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ को प्रयोजनार्थ सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशील

| क्र.सं. | बोलपत्र नं. | कामको विवरण | बोलपत्र दाताको नाम ठेगाना | कबोल रकम रु. | कैफीयत |
|---|---|---|---|---|---|
| १ | आय ०८/०७९/८० | चाँगुनारायण नगरपालिकाबाट निकासी हुने कच्चापानी तथा शुद्ध पानीको निकासी शुल्क बन्दोबस्ती गर्ने कार्य | श्री व्याञ्जु एण्ड सन्स कन्स्ट्रक्सन, भक्तपुर। | १,१५, ८१,५००,। - एक करोड पन्ध्र लाख एकासी हजार पाँचसय रुपैया मात्र। (मु.अ कर बाहेक) | |

**प्रमुख प्रशासकीय अधिकृत**



**वर्गीकृत डिस्प्ले**

वर्गीकृत डिस्प्लेका लागि सिधा सम्पर्कः ०१-४८११०८०, Ext. No.: १०२
Email: rajdhanimarketing76@gmail.com, website: www.rajdhanidaily.com

**जग्गा विक्रीमा**
भक्तपुर जिल्ला सिरुटारमा २६ फिटे बाटोमा ७ आना प्रति आना
रु. १०,००,०००/-
(दश लाख) ले विक्रीमा।
सम्पर्कः
९८४१८०९६७६

**मोटरसाईकल हरायो**
मिति २०८०/०३/०६ गते अ. राति ७०० को समयमा का.जि.का.म.न.पा ८ पशुपति शवदाहगृह नजिकै पार्किङ बाट बागमती पदेश -०२, ०३४ प ४२१५ नं. २२० सीसीको कालो सिल्भर पल्सर मोटरसाईकल हराएको हुँदा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला वा नजिकैको प्रहरी कार्यालयमा सम्पर्क गरिदिनु होला।
सवारी धनी : मनोज श्रेष्ठ
ठेगाना : दोलखा मैलुङ, हाल सल्लाघारि भक्तपुर, सम्पर्क : ९८६६०३२८६७
च्यासिस नं. : MD2A13EX9MCH-96130
ईन्जिन नं. : DKXCMH-30386

**बीमालेख हरायो**
यस कम्पनीले जारी गरेको श्री आषिस उपाध्यायको विमालेख नम्बर १०७०११५०९ मिति २०७९/१/२० गते हराएको हुँदा पाउनु हुने हानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु।
नेपाल लाइफ इन्स्योरेन्स कम्पनी
शाखा कार्यालय, स्वयम्भु
सम्पर्क नं. : ०१-५२४७२८६

**बीमालेख हरायो**
यस कम्पनीले जारी गरेको श्री प्रदिप भट्टराईको विमालेख नं. १०७००३६३५, १०७००३६३४ मिति २०७०/६/३ गते हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु।
नेपाल लाइफ इन्स्योरेन्स कम्पनी
शाखा कार्यालय, स्वयम्भु
सम्पर्क नं. : ०१-५२४७२८६

**बीमालेख हरायो**
यस कम्पनीले जारी गरेको श्री अकिता पण्डितको विमालेख नं. १०७००६७०० मिति २०७२/२/३० गते हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु।
नेपाल लाइफ इन्स्योरेन्स कम्पनी
शाखा कार्यालय, स्वयम्भु
सम्पर्क नं. : ०१-५२४७२८६

**वर्गीकृत डिस्प्ले**
रू. 300/-
**वर्गीकृत विज्ञापन**
प्रति शब्द रू.१०/- | मू.अ.कर बाहेक

**राजधानी न्युज पब्लिकेसन प्रालिका प्रदेश कार्यालयहरु**
कोशी प्रदेश (प्रदेश कार्यालय विराटनगर) मो.नं.: ९८४२०७३४३२
मधेश प्रदेश (प्रदेश कार्यालय वीरगञ्ज) मो.नं.: ९८५५०३६१५४
लुम्बिनी प्रदेश (प्रदेश कार्यालय बुटवल) मो.नं.: ९८५७०१०३१८
गण्डकी प्रदेश (प्रदेश कार्यालय पोखरा) मो.नं.: ९८४३९९०५७८
सुदूरपश्चिम प्रदेश (प्रदेश कार्यालय धनगढी) मो.नं.: ९८५११३०७३०

सुन-चाँदी



| | |
|---|---|
| छापावाल प्रतितोला | - रू.१११,३००/- |
| तेजाबी प्रतितोला | - रू.११०,७५०/- |
| चाँदी प्रतितोला | - रू.१,३९५/- |

# मौद्रिक र वित्तीय नीति समन्वयमा अघि बढ्नुपर्छ : अर्थमन्त्री



**राजधानी समाचारदाता**
काठमाडौं

अर्थमन्त्री डा. प्रकाशशरण महतले मौद्रिक नीति खुकुलो बनाउने बित्तिकै हाम्रो अर्थतन्त्रले वित्तीय सहजता महसुस गर्ने बताएका छन्।

आर्थिक छलफल चौतारी नेपालले आइतबार आयोजना गरेको 'नेपालको आर्थिक अवस्था र आगामी मौद्रिक नीति' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री डा. महतले भने, 'मौद्रिक नीतिलाई अलिकति खुकुलो बनाएर लैजाँदा पनि अर्थतन्त्र चलायमान बनाउन मद्दत पुग्छ। यो कुरालाई हामीले स्पष्ट ढंगबाट राष्ट्र बैंकको नेतृत्वलाई भनेका छौं। अब आउने मौद्रिक नीतिमा मार्जिनर्ली पलेसी रेटमा सुधार गर्नुपर्ने आवश्यकता छ। मनिटरी पलेसीको टुल्स समयसापेक्ष प्रयोग हुन आवश्यक छ।'

'अर्थतन्त्रलाई चलायमान बनाउन देशको मौद्रिक नीति महत्त्वपूर्ण पक्ष हो। यसको सञ्चालन गर्न हामीले राष्ट्र बैंकलाई जिम्मा लगाएका छौं। अर्थतन्त्रलाई अगाडि बढाउन सरकारले दिशानिर्देश गर्दै पनि आएको छ। कतिपय अवस्थामा कार्यान्वयन भएको छ, कतिपय अवस्थामा हुन बाँकी छ' मन्त्री डा. महतले भने, 'यद्यपि, राष्ट्र बैंकले स्वयत्तरूपमा काम गरोस् र समग्र अर्थतन्त्रको परिवेश के छ र मौद्रिक नीतिले यसमा कसरी योगदान पुऱ्याउन सक्छ भन्ने कुरालाई मध्यनजर राखेर नीति आओस् भनेर नै राष्ट्र बैंकलाई एक तहको स्वायत्तता दिएको हो।'

राष्ट्र बैंकबाट आउने मौद्रिक नीतिबारे बेलाबखत सरकार र सरोकारवालाले प्रश्न उठाउने गरेको मन्त्री डा. महतले बताए। उनले भने, 'मौद्रिक नीति र वित्तीय नीति समन्वयमा जानुपर्छ, त्यसको एउटै लक्ष्य हुनुपर्छ। मौद्रिक नीति एउटा बाटोमा, वित्तीय नीति अर्को बाटोमा लियो भने यसले लक्षित उद्देश्य प्राप्त हुँदैन।'

ब्याजदर अर्को महत्त्वपूर्ण पक्ष भएको पनि उनले बताए। 'कति ब्याजमा ऋण प्राप्त हुन्छ भन्ने कुराले लगानीको लागत निर्धारण गरेको हुन्छ', मन्त्री डा. महतले भने, 'ऋण लिनेहरूले प्रतिफल प्राप्त नहुँदा ऋण तिर्न गाह्रो भइरहेको छ। बैंकमा तरलता हुँदाहुँदै पनि ब्याजदरको कारणले पुँजी प्रवाह हुन सकेको छैन। यद्यपि, हाम्रा अर्थतन्त्रलाई चलायमान गर्नुपर्ने आवश्यकता छ। चलायमान बनाउन समस्या आइरहेको छ।'

मन्त्री डा. महतले भने, 'पुँजीगत खर्च हामीले भने जति विनियोजन गर्न सकिएको छैन। जति विनियोजन भएको छ, त्यसलाई पुरै खर्च गर्न सकियो रिसाइकल हुन्छ र त्यसले उत्पादन दिन थाल्छ।'

अहिले मौद्रिक नीति थोरै खुकुलो बनाएर जाँदा हाम्रो अर्थतन्त्र चलायमान गराउन मद्दत पुग्ने मन्त्री डा. महतको दावी छ। उनका अनुसार चलायमान अर्थतन्त्रको सकारात्मक संकेत देखिन थालेको छ। वैदेशिक मुद्रा सञ्चिति कम हुन थाल्यो भनेर हामी आत्यौं, अतिकति समस्या आयो भने खत्तमै भइहाल्यो भन्ने हाम्रो मानसिकता छ। त्यो नै बहसको केन्द्रबिन्दु हुन्छ। सरकारमा र नीति निर्माणमा बसेकाहरू प्रभावित भएर निर्णयमा पुगिहाल्छन्।

'देश श्रीलंकाको बाटोमा गयो भनेर हल्ला चल्यो, त्यसले गर्दा राजस्वलगायत अन्य कुरामा प्रभाव पऱ्यो। अर्कोतिर मौद्रिक नीति पनि कडा पारियो। अर्थतन्त्रमा समस्या आउनुमा अरू कारण पनि छन्। यी सबै कारणले गर्दा समस्या निम्तिएको हो। हाम्रो आन्तरिक निर्णयले पनि अर्थतन्त्रमा समस्या पारेको थियो' उनले भने, 'अब यसलाई सच्चाउनुपर्छ।'

विदेशी मुद्रा सञ्चिति राम्रो छ, पर्यटन व्यवसाय पुरानो लयमा फर्किरहेको छ। विश्व बैंकले पनि ऋण प्रवाहमा चासो देखाइरहेको छ। यो परिवेशमा मौद्रिक नीति खुकुलो हुने बित्तिकै सहजतातर्फ हाम्रो अर्थतन्त्र अगाडि बढ्ने मन्त्री डा. महतको भनाइ थियो।

यसपटक वित्तीय नीतिअन्तर्गत हामीले बजेटरी नीतिमा धेरै सुधार राखेको मन्त्री डा. महतले बताए। उहाँले भन्नुभयो, 'सिस्टममा अस्तव्यस्तता छ। स्रोत सुनिश्चित नभएको, पछि कहीँबाट आइहाल्ला भन्ने नाममा बजेट विनियोजन गरिएको छैन। रकमान्तर ठूलो समस्याका रूपमा देखापरेको छ। भइसकेका कुरालाई सुधार गर्नेतिर होइन, अबका दिनमा कडाइका साथ रोकिने छ।'

'हामीले लयमा काम गऱ्यौं भने अर्थतन्त्रले गति लिन्छ। लिने संकेत देखापरिसकेको छ' मन्त्री डा. महतले भन्नुभयो, 'मूल्यवृद्धिलाई ध्यानमा राखेर मौद्रिक नीति आउने छ भन्ने मलाई विश्वास छ।'

# एनआरएनएले सीपमूलक कार्यक्रम सञ्चालन गर्ने



**राजधानी समाचारदाता**
काठमाडौं

गैरआवासीय नेपाली संघ (एनआरएनए)अन्तर्गतको व्यावसायिक शिक्षा कमिटीले नेपालमा दक्ष जनशक्ति उत्पादनका लागि विभिन्न सीपमूलक कार्यक्रम सञ्चालन गर्ने भएको छ।

संघको बालुवाटारस्थित सचिवालयमा आइतबार आयोजित पत्रकार सम्मेलनमा कमिटीका संयोजक एवं अन्तर्राष्ट्रिय समन्वय परिषद्का उपमहासचिव गणेश केर्सीले हाल विश्वभरि बढ्दो दक्ष जनशक्तिको माग पूरा गर्न सीपमूलक कार्यक्रम सञ्चालन गर्ने योजना अघि सारेको जानकारी दिए। दक्ष र सीपयुक्त जनशक्ति उत्पादनका लागि कमिटीले तीनै तहका सरकार केन्द्र, प्रदेश सरकार र स्थानीय निकायसँग समेत समन्वय गरी आवश्यक कार्य अघि बढाउने केर्सीले बताए।

कार्यक्रममा सहभागी संघका अध्यक्ष कुल आचार्यले अन्तर्राष्ट्रिय श्रम बजारमा बढ्दो दक्ष जनशक्तिको माग सम्बोधन गर्न र नेपालबाट जाने कामका लागि विभिन्न देशमा जाने नेपालीले सीपको अभावमै दुःख पाउनुपर्ने अवस्था अन्त्यका लागि पनि कमिटीले सुरु गर्न लागेको कार्यक्रम उपयोगी र महत्त्वपूर्ण हुने उल्लेख गरे। उनले भने, 'श्रम तथा अध्ययनका निम्ति एवं विभिन्न पेसाका लागि भारत, मध्यपूर्व र मलेसिया, अस्ट्रेलिया, युरोप, क्यानाडा तथा अमेरिकालगायतका देशलाई धुप्रै नेपालीले आफ्नो गन्तव्य बनाएका छन्, त्यहाँ अदक्ष,र सीपबिनै जाँदा धेरै समस्या भोग्नुपर्छ, तसर्थ पनि सीपमूलक र दक्षता अभिवृद्धिका लागि सुरु गर्न लागिएको यो कार्यक्रम निकै महत्त्वपूर्ण छ।'

कमिटीले श्रम, अध्ययन, पेसा वा वृत्ति-विकास जुनसुकै उद्देश्यले विदेश जान लागेका नेपाली युवायुवतीलाई उनीहरूको गन्तव्य देशको सामान्य भूगोल, हावापानी, रहनसहन, जीवनयापनको तौरतरिका सामान्य नियम कानुन, आप्रवासीको अवस्था, नरम सीप आदिबारे अभिमुखीकरण गराउने जनाएको छ।

यस्तै, बेकरी, बारिस्टा, फ्रन्ट अफिस, बार टेन्डिङ, हाउस किपिङ, एज केयरिङ, बुचरी, मोटर मेकानिक्स, स्पा, हेयर ड्रेसिङ, ब्युटिसियन, इलेक्ट्रोनिक्स गुड्स रिपेरिङ, इलेक्ट्रोसियन जस्ता सीपमूलक एवं प्राविधिक तालिम दिने व्यवस्था गर्ने र दक्ष जनशक्ति उत्पादनमा जोड दिने, उच्च दक्ष जनशक्ति उत्पादन गरी रोजगारीको अवसरलाई बढावा दिनेलगायतका योजना कमिटीले अघि सारेको छ।

नेपालको नियम कानुनअनुसार सम्बन्धित निकायबाट स्वीकृति र कलेज तथा विश्वविद्यालयको सम्बन्धनसमेत लिएर कार्यक्रम छिट्टै सुरु गर्ने संयोजक केर्सीले बताए।

# सेयर बजारमा दोहोरो अंकको सुधार

**काठमाडौं/रास–** साताको पहिलो दिन आइतबार सेयर बजार सूचक नेप्से दोहोरो अंकले बढेको छ। चालू आर्थिक वर्ष सकिन एक साता मात्रै बाँकी रहँदा सेयर बजारमा सुधार आएको हो। यस दिन नेप्से सूचक २८ दशमलव ३८ अंकले बढेर २ हजार ७७ दशमलव ७६को बिन्दुमा पुगेको छ।

यसअघि गत साता नेप्से २ दिन लगातार घटेको थियो। आइतबार बजार पुनः वृद्धिका क्रममा देखिएको छ। अब बिस्तारै असार मसान्तको प्रभाव कम हुँदै जाने संकेत देखिएको छ। धेरै जसो लगानीकर्ताले मसान्तको साँवा-ब्याज तिर्न रकम जोहो गरिसकेको अनुमान गरिएको छ। अधिकांश लगानीकर्ताले यसअघि बजार बढेकै बेला सेयर बेचेर पैसा व्यवस्थापन गरिसकेका छन्। यसकारण पनि असारको अन्तिम दिनमा सेलिङ प्रेसर कम हुँदै जाने अनुमान गरिएको छ।

यता राष्ट्र बैंकको आगामी साउन पहिलो साता मौद्रिक नीति पनि जारी गर्नेछ। मौद्रिक नीतिले सेयर बजारको भविष्य निर्धारणमा थप भूमिका खेल्नेछ। हाल मौद्रिक नीतिमार्फत सेयर बजारमा कडाइ गरिएको अवस्था छ। सेयर धितो कर्जामा १२ करोडको सीमा लगाइएको छ भने जोखिमभार पनि १५० प्रतिशत कायम गरिएको छ। यी प्रावधानमा अब खुकुलो गरियो भने बजारले नयाँ उचाइ तय गर्न सक्नेछ।

यस दिन २ सय ८७ कम्पनीको ३ अर्ब ४ करोड २५ लाख ४३ हजार ९ सय ६१ रुपैयाँ बराबरको ८३ लाख ५२ हजार ५ सय ७६ कित्ता सेयर कारोबार भएको छ। १८ करोड ६० लाख रुपैयाँभन्दा बढीसहित कारोबार रकममा हिमालयन लाइफ इन्स्युरेन्स अग्रस्थानमा रहेको छ। यसैगरी, दोस्रो र तेस्रो स्थानमा क्रमशः शिवम् सिमेन्ट्स र सोल्टी होटल परेका छन्। यस दिन कारोबारमा आएका सबै उपसूचक बढेका छन्। सबैभन्दा धेरै होटेल तथा पर्यटन ४ दशमलव ६३ प्रतिशतले बढेको छ। त्यस्तै, व्यापार ४ दशमलव ०१ प्रतिशतले बढेको छ।

तामाकोसीको सेयर मूल्य ६ दशमलव ६५ प्रतिशतले घटेको छ। भने चन्द्रागिरि हिल्स ७० रुपैयाँ बढेको छ। ओरियन्टल होटल ३६ रुपैयाँ र तारागाउँ रिजेन्सी ३१ रुपैयाँ बढ्यो। सोल्टी होटल पनि १७ रुपैयाँ बढेको छ। आइतबार तेस्रो सबैभन्दा बढी कारोबार भएको सोल्टीको सेयर हो।

## १५ दिने सार्वजनिक सूचना

काठमाडौं वडा नं. ६, सरस्वतीनगरमा कित्ता नं. ३२९ र क्षेत्रफल ०-७-०-० मा बनेको सटरमा मिति २०७९/०४/२५ देखि भाडामा लिई २०८०/०३/२५ सम्मको भाडा नदिएको र बन्द राखि सम्पर्क विहिन हुनु भएको हुनाले उक्त कोठामा मेरो आफ्नो प्रयोजनका लागि आवश्यक परेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र बाँकी बहाल बुझाई कोठा खाली गर्नुहोला। अन्यथा कानून बमोजिम खाली गराईने व्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ।

घर धनी
**असली तामाङ**

## QATAR मा रोजगारी

**1. MUDHAM CONTRACTING CLEANING AND SERVICES**

Pre Approval Date: 2023/7/7 | चलानी नं.: 60204324 | LOT No. 288993 | शहर: Doha

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 0 | 65 | 1000 | 36087 | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 34 | 0 | 2200 | 79392 | | | | | | | | |

अन्तरवार्ता मिति २०८०/४/१ गते (17 July 2023) मेनपावरको कार्यालयमा हुनेछ।

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | नि:शुल्क |

BEST HR
Gov. License No. 1362/74/75
**BEST RECRUITMENT SERVICES PVT. LTD.**
Lalitpur-10, Bakhundol, Nepal
Phone: 01-5434062

## कतारमा रोजगारी
पुन:विज्ञापन

**1. MEDGULF CONSTRUCTION COMPANY**

Pre Approval Date: 2021/12/23 | चलानी नं.: ६०७७११४२ | LOT No. 254404 | शहर: DOHA

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 5 | 0 | 1000 | 36087 | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

Interview Date : Interview on 17 July 2023 in Saan Nepal Pvt Ltd, Kathmandu

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | बीमा हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | नि:शुल्क |

SAAN NEPAL PVT. LTD.
(A manpower Consultant)
Govt. Lic. No. 734/064/065
Battisputali, Kathmandu, Nepal, P.O.Bo. 4069, Tel No.: 977-1-4584977
Fax : 977-1-4584977, Email : saanreception@gmail.com
Website: www.saannepal.com.np

## धितो लिलाम गर्ने सबन्धी ३५ दिने सूचना
(सूचना प्रकाशित मिति २०८०।०३।२५)

यस संस्थाको तपसिलमा उल्लेखित सदस्य ऋणीले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र हर्जना रकम समेत तिर्न बुझाउन पटक पटक लिखित तथा मौखिक तरताकेता गर्नुका साथै ३५ दिन भित्र कर्जा चुक्ता गर्न ऋणी तथा जमानीकर्ताको नाममा मिति २०८०।०२।१७ मा राजधानी राष्ट्रिय दैनिक पत्रिकामा सार्वजानिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता नगरेकोले यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र तपाई ऋणीले कर्जाको साँवा, ब्याज र हर्जना रकम बुझाउन आउनु हुन अनुरोध गरिन्छ। उक्त म्याद भित्र कर्जा चुक्ता नगर्नु भएमा यो सूचना प्रकाशित भएको ३६औं दिनमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा संस्थाको आफ्नो लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराइन्छ। यदि उक्त धितोबाट समेत यस संस्थाको सम्पूर्ण लेना असुल नभएमा कर्जा असुलीको लागि अन्य कानुनी कारवाही लगायतको कारवाही अघि बढाइने व्यहोरा समेत तपाई ऋणी तथा व्यक्तिगत जमानत दिने सम्पूर्ण व्यक्तीहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। तसर्थ तपसिलमा उल्लेखित सम्पती लिलाम बढाबढ गरी लिन इच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| ऋणीको नाम, थर र ठेगाना | जमानीको नाम, थर र ठेगाना |
|---|---|
| **ऋणीको नामः सावित्री अधिकारी**<br>बुबाको नामः हरिलाल अधिकारी<br>बाजेको नामः चन्द्रलाल अधिकारी<br>पतिको नमः रमेश भण्डारी<br>ठेगानाः का.म.न.पा.-३३, काठमाडौं<br>(हालः हात्तिवन, ललितपुर)<br>ना.प्र.नं.: ६०६११।१८०।५१५६२ काठमाडौं | **१. नामः रमेश भण्डारी**<br>बुबाको नामः डिल्लीराम भण्डारी<br>बाजेको नामः हुतासन भण्डारी<br>ठेगानाः का.म.न.पा.-३३, काठमाडौं<br>(हालः हात्तिवन, ललितपुर) ना.प्र.नं. १२३९४ काठमाडौं<br>**धितो विवरण**<br>**पत्युषा इन्टरप्राईजेन प्रा.लि.** (बागेश्वरी-२, भक्तपुर जिल्ला सिट नं. २ ग कित्ता नं. ३४६ क्षेत्रफल २५४।३२ वर्ग मिटर) |

**साई सेवा बचत तथा ऋण सहकारी संस्था लि.**
सोह्रखुट्टे, काठमाडौं। फोनः ०१-४९६५९२५

## मलेशियामा रोजगार
पून: विज्ञापन

**1. MERANTI G FORCE SDN. BHD.**

Pre Approval Date: 2023/06/23 | चलानी नं. ६०२०३५७२ | LOT No. 288359 | शहर: Putrajaya

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रु. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 30 | 0 | 1500 | 42235 | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता: मिति २०८०/४/१ (17 July 2023) मेनपावरको कार्यालयमा हुनेछ।

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस। २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

यस प्रा.लि.को Demand तथा अन्य जानकारी SMS मार्फत लिनको लागि तलको जानकारी पढ्नुहोस्
To receive contact details of raj overseas: type Raj or Rajinfo. DUBAI DEMAND-Type Rajuae, QATAR DEMAND-Rajqatar, MALAYSIA DEMAND-Type Rajmalaysia, SAUDI DEMAND-type rajksa, BAHARAIN DEMAND-Type Rajbaharain & send it to 4555 or 4455

**Raj Overseas Pvt. Ltd**
Member of Raj Group
Govt. Lic. No.: 91/053/054
P.O.Box: 9112 | Sinamangal Tower-5th Floor, Sinamangal, Kathmandu, Nepal,
Tel: +977 (1) 5912133, 5912132, 5912131, Fax: 977 (1) 4106813
E-mail: info@rajoverseas.com | Web: www.rajoverseas.com

# स्ट्यान्डर्ड चार्टर्ड वुमन समिट सम्पन्न

## ७ विधामा १३ सम्मानित



**काठमाडौं/रास–** 'स्ट्यान्डर्ड चार्टर्ड न्युबिज बिजनेस वुमन समिटमा यस वर्ष ७ विधामा १३ महिलालाई सम्मान गरिएको छ।

उद्यम तथा व्यावसायिक क्षेत्रमा सफल व्यवसायी तथा उद्यमी महिलालाई प्रोत्साहन गर्न स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको प्रमुख प्रायोजनमा न्यु बिजनेस एज प्रालिले उक्त कार्यक्रमको आयोजना शुक्रबार गरेको हो ।

यस वर्ष लाइफटाइम एचिभमेन्ट अवार्डबाट याङकिला शेर्पा (प्रबन्ध निर्देशक, स्नो लियोपर्ड ट्रेक), सोसल आन्त्रप्रेनर अफ द इयरबाट डा. आनन्दशोभा ताम्राकार (भर्मीकम्पोस्ट बिज्ञ), वुमन इन टेक अफ द इयरबाट अलिशा श्रेष्ठ (सहसंस्थापक, अम्निल टेक्नोलोजिज प्रालि), प्रोफेसनल वुमन अफ द इयरबाट सेवा पाठक (सीईओ, भायनेट कम्युनिकेसन), बिजनेस वुमन अफ द इयरबाट पद्मासना शाक्य (अध्यक्ष, मानुषी लघुवित्त वित्तीय संस्था), वुमन आन्त्रप्रेनर अफ द इयरबाट डा. प्रतिभा पाण्डे (मेडिकल डाइरेक्टर, सिवेक हस्पिटल) सम्मानित भएका छन् ।

त्यसैगरी, सातै प्रदेशबाट इन्टरप्राइजिङ वुमन अफ द इयरका रूपमा १-१ जना उत्कृष्ट महिला उद्यमी नगद पुरस्कारसहित सम्मानित हुनु भएको छ। कोशी प्रदेशबाट डिना प्रधान (बारी रोस्टरी एन्ड प्याकेजिङ उद्योग), मधेस प्रदेशबाट चन्चला दास (वुमन स्किल सेन्टर), बाग्मतीबाट अनुष्का श्रेष्ठ (लशकुश फुड प्रोडक्टस्), गण्डकीबाट सुकुन रसाइली बिक (मार्फा फलफूल तथा तरकारी प्रशोधन उद्योग), लुम्बिनीबाट बिन्दु चर्तीमगर (चर्ती फ्लोरा), कर्णालीबाट शीला विश्वकर्मा नेपाली (जेएफ रत्नपत्थर प्रशोधन केन्द्र) र सुदूरपश्चिम प्रदेशबाट सगिता खड्का (पीएस ट्राभलप्वाइन्ट टुर्स प्रालि) सम्मानित भएको छ ।

नगद पुरस्कारको रकम नेसनल लाइफ इन्स्योरेन्स कम्पनीकी अध्यक्ष प्रेमाराज्य लक्ष्मी सिंहले व्यक्तिगत रूपमा उपलब्ध गराएको हो ।

सात प्रदेशबाट करिब २ हजार महिला उद्यमीको विवरण संकलन गरेर स्वतन्त्र निर्णायक मण्डलले विभिन्न चरणको मूल्यांकनपछि सम्मानित हुने महिलालाई छनोट गरेको हो। निर्णायक मन्डलमा राधेश पन्त (अध्यक्ष), वर्षा श्रेष्ठ, अन्जु शर्मा, आभा शाह तथा बासन्ती प्रधान रहेका थिए । अवार्ड वितरण कार्यक्रममा प्रमुख अतिथि अर्थमन्त्री डा. प्रकाशशरण महतले अब घरको अर्थतन्त्र मात्र नभई देशको अर्थतन्त्र पनि महिलाको हातमा हुने बताए ।

अवार्डको मुख्य प्रायोजक स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपाल रहेको थियो भने आईएमई लाइफ, सलिको (सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड), साल्ट ट्रेडिङ कर्पोरेसन, माछापुच्छ्रे बैंक, सन लाइफ इन्स्योरेन्स, रिलायबल लाइफ इन्स्योरेन्स, सीताराम दूध, साग्रिला डेभलपमेन्ट बैंक, होन्डा ग्राजिया, कृषि विकास बैंक लिमिटेड, ब्यन्जन, न्यु भी रोधो र वर्ल्डलिंकको समिट रहेको थियो ।

कार्यक्रमको पहिलो सत्रमा प्यानेल छलफल र दोस्रो सत्रमा अवार्डस् वितरण गरिएको थियो । 'वुमन आन्त्रप्रेनर इन द डिजिटल एज' विषयमा भएको प्यानल छलफलमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयकी सहसचिव राधिका अर्याल, गोल्छा ग्रुपकी निर्देशक सीमा गोल्छा र रम्सन नेपालकी सहसंस्थापक रुमी सिंह वक्ताको रूपमा रहेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी थिए । सोही कार्यक्रममा बोल्दै गभर्नर अधिकारीले ८३ हजार ३ सय महिला ऋणीलाई ६१ अर्ब सहुलियतपूर्ण कर्जा प्रवाह गरिएको जानकारी दिए ।

कार्यक्रममा स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत अनिर्वाण घोष दास्तिदारले भने, 'व्यावसायिक प्रणालीमा सार्थक परिवर्तन ल्याउन क्रियाशील यति धेरै प्रतिभाशाली महिला उद्यमीलाई एकसाथ यहाँ एउटै छानामुनि भेट्न पाउँदा म आफूलाई धेरै गौरवान्वित ठान्दछु ।

आधुनिक नेपाली महिला शक्तिका पुञ्ज हुन् जसले राजनीति, फेसन, व्यवसाय, विज्ञान, खेलकुद, कला आदि सबै क्षेत्रमा आफ्नो छाप छोडिरहेका छन् ।'

# युवा महिला उद्यमीलाई सशक्त बनाउँदै कोकाकोला




**काठमाडौं/रास–** कोका-कोला नेपालले एटेलियर प्लेटफर्म प्रा लिमिटेडसँगको सहकार्यमा युवा महिला उद्यमी एक्सेलेरेटर र मेन्टरसिप कार्यक्रमको सफल कार्यान्वयन गरेको छ।

यो कार्यक्रम कोका-कोला नेपालको महिला सशक्तीकरण कार्यक्रम 'सक्षम'को एक महत्त्वपूर्ण भाग हो, र यसले नेपालमा महिलाद्वारा सञ्चालित स्टार्टअप र सम्भावित स्टार्टअपलाई व्यापक सहयोग र मार्गदर्शन प्रदान गर्ने उद्देश्य राखेको छ, जसले कोका-कोलाको मूल्य शृंखलाभन्दा बाहिर महिला सशक्तीकरण गर्ने प्रतिबद्धतालाई विस्तार गर्दछ ।

युवा महिला उद्यमी एक्सेलेटर र मेन्टरसिप कार्यक्रमले अप्रिल २०२३ मा आवेदन खोल्दा काठमाडौं, पोखरा र चितवनभरका उत्साही महिला उद्यमीबाट अत्याधिक प्रतिक्रिया प्राप्त भएको थियो । आवेदकबाट आठ फाइनलिस्टलाई उहाँहरूको नवीनताको विचार र सफलताको सम्भावनाका आधारमा छनोट गरिएको थियो । यी फाइनलिस्टमा केहिक्राफ्ट्सका बृन्दा दिवान, डुलुवा आउटडोर्सका मेनुका गुरुङ, साउथ एन्ड साउथ इस्ट प्रोजेक्टका प्रकृति बस्याल, लर्नर्स रुमस् ए पाथ टु विजडमकी राशी महर्जन, सच्र्डकी रोजिना बराल, बाया-इन्जाइम्सकी सरला महर्जन, ग्रिनस्पेस नेपालकी शान्ति राई र स्वच्छ महिनावारीकी यजु महर्जन रहेका छन् ।

कार्यक्रम सुरु गर्न, जुन ११, २०२३ मा एक ओरियेन्टेसन सेसन आयोजित गरिएको थियो, जसले फाइनलिस्टलाई आफ्नो यात्रामा बहुमूल्य अन्तर्दृष्टि प्रदान गऱ्यो। सहभागीलाई त्यसबेलादेखि उनिहरूको उद्यमशीलताको प्रयासमा फस्टाउन र आवश्यक सीप र ज्ञानको साथ सुसज्जित गर्न एक्स्पर्ट सेसन आयोजना गरिएको छ । फाइनलिस्टले सम्मानित स्पिकर र सल्लाहकारको नेतृत्वमा सेसनमा भाग लिने सुअवसर पाएका छन्, जसमा लैंगिक र महिला अधिकार, नारीवाद र नेतृत्व, कानुनी प्रक्रिया, जलवायु परिवर्तन, मार्केटिङ रणनीति, वित्त र बैंकिङमा पहुँच, डिजिटल मार्केटिङ, लाभदायक प्रस्तुतीकरण जस्ता आवश्यक विषय समेटिएको छ ।

# सिटिजन्स बैंक र ड्रिम इन्टरनेसनल होटेल तथा होटेल दा फ्लामिंगोबीच समझदारी





**काठमाडौं/रास–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र कालिकापथ, बुटवलस्थित ड्रिम इन्टरनेसनल होटेल तथा योगिकुटी, बुटवलस्थित होटेल दा फ्लामिंगोबीच सिटिजन्स बैंकका कार्डबाहक र मोबाइल बैंकिङ ग्राहकलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

सो समझदारीपत्रमा हस्ताक्षरपश्चात् सिटिजन्स बैंकका कार्डबाहक र मोबाइल बैंकिङ प्रयोगकर्ताले ड्रिम इन्टरनेसनल होटेल र होटेल दा फ्लामिंगोमा १५ प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुने साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ ।

बैंकले डिजिटल बैंकिङ माध्यमको प्रयोगलाई बढाउन र ग्राहकलाई डिजिटल माध्यमबाट भुक्तानी प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधा सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छुटसम्बन्धी विस्तृत विवरण सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरि फैलिएका आफ्ना १ सय ८८ वटा शाखा, ३ वटा बिस्तारित काउन्टर, १ सय ४३ वटा एटीएम, ६ वटा कियोस्क सेवा र ९७ वटा शाखारहित बैंकिङ इकाईबाट १६ लाखभन्दा बढी ग्राहकवर्गलाई आधुनिक बैंकिङ सेवा प्रदान गर्दै आएको छ ।

# गरिमा क्यापिटलको सञ्चालक समिति हेरफेर




**काठमाडौं/रास–** गरिमा क्यापिटल कम्पनीको हालै सम्पन्न सञ्चालक समितिको बैठकबाट स्वतन्त्र सञ्चालकका रूपमा महेशप्रसाद काफ्ले र नगिमा श्रेष्ठ नियुक्त भएका छन् । कम्पनीको मुख्य कम्पनी गरिमा विकास बैंक लिमिटेडलाई प्रतिनिधित्व गर्ने सञ्चालक यादवकुमार श्रेष्ठ र रमाकान्त बरालको राजीनामा स्वीकृत पनि गरिएको छ। साथै, गरिमा विकास बैंक लिमिटेडलाई प्रतिनिधित्व गर्नेगरी रामप्रसाद श्रेष्ठ र अनिल रेग्मी सञ्चालकका रूपमा नियुक्त भएको छ ।

सञ्चालक समितिमा दीपक पाण्डेय अध्यक्ष छन् । गरिमा क्यापिटलमा अनिल श्रेष्ठ (सञ्चालक), अनिल रेग्मी (सञ्चालक), रामप्रसाद श्रेष्ठ (सञ्चालक), नगिमा श्रेष्ठ (स्वतन्त्र सञ्चालक), महेशप्रसाद काफ्ले (स्वतन्त्र सञ्चालक), माधवप्रसाद उपाध्याय (सञ्चालक) र निर्मल भट्टराई प्रमुख कार्यकारी अधिकृतका रूपमा छन्।

राजीनामा दिई स्वीकृत भएका सञ्चालकको यस संस्थाको व्यावसायिक तथा बहुआयामिक उन्नयनमा महत्त्वपूर्ण तथा अतुलनीय योगदान रहेकोमा उच्च मूल्यांकन गर्दै सम्मान व्यक्त गरेको छ ।

# प्रभु महालक्ष्मी लाइफको सीईओमा रमेशकुमार भट्टराई

**काठमाडौं/रास–** प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडको प्रमुख कार्यकारी अधिकृतमा रमेशकुमार भट्टराईको नियुक्तिलाई नेपाल बिमा प्राधिकरणले स्वीकृति दिएको छ। प्रभु लाइफ इन्स्योरेन्स लिमिटेड र महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडको एकीकृत कारोबार यही आषाढ २९ गते हुने निर्णय भइसकेको छ। दुवै कम्पनीबीच २०७९ आषाढ ३० गते मर्जरको प्रारम्भिक सहमति र २०८० जेठ ३ गते अन्तिम सहमति भएको थियो । दुवै सम्झौतामा महालक्ष्मी लाइफका प्रमुख कार्यकारी अधिकृत रमेशकुमार भट्टराईलाई मर्जरपछिको आगामी ४ वर्षको लागि एकीकृत कम्पनीको प्रमुख कार्यकारी अधिकृतमा नियुक्ति गर्ने सहमति भएको थियो। उक्त दुवै सहमतिलाई प्रभु र महालक्ष्मी लाइफको जेठ २६ गते भएको वार्षिक साधारण सभाले अनुमोदन गरेपछि मात्र बिमा प्राधिकरणले नियुक्ति स्वीकृति दिएको हो ।



व्यवस्थापनमा स्नातकोत्तर र कानुनमा स्नातक गरेका रमेशकुमार भट्टराई महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडको स्थापनाकालदेखि प्रमुख कार्यकारी अधिकृत थिए। २०३८ सालमा नेपाल बैंक लिको अधिकृतबाट बैंकिङ करिअर प्रारम्भ गरेका उनी विगत ४२ वर्षदेखि बैंक र बिमा क्षेत्रमा निरन्तर सेवारत छन् ।

२०५२ मसिर १५ गते वीरगन्जमा स्थापित महालक्ष्मी फाइनान्स लिमिटेडमा प्रथमपटक उनी संस्थापक प्रमुख कार्यकारी अधिकृतका रूपमा नियुक्त भएका थिए। त्यसपछि निरन्तर नेपाल लाइफ इन्स्योरेन्स, एसियन लाइफ इन्स्योरेन्स, महालक्ष्मी विकास बैंक लिमिटेड र महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत भई कार्यरत थिए ।

## श्रीगणेश बचत तथा ऋण सहकारी संस्था लि.

गणेशचोक गोगंबु, काठमाडौं, फोन नं. ०१-४९८०८१२, फ्याक्स ४९८०८५१
Email: shreeganeshsavingandcredit@gmail.com

### ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

**मिति : २०८०/०३/२५**

यस संस्थावाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण रकम लिँदा गर्नु भएको सर्त कबुलियत बमोजिम चुक्ता नगरी सर्तहरु उल्लंघन गर्नु भएको ऋण चुक्ताको लागि यस संस्थावाट पटक पटक टेलिफोन तथा विभिन्न मितिमा लिखित पत्रमार्फत कर्जा चुक्ता गर्न ताकेता गर्दा समेत सम्वन्धित ऋणी तथा धनजमानीहरुले सोको पूर्ण रुपमा बेवास्था गरी ऋण चुक्ता गर्ने तर्फ कुनै पहल नगरी वस्नु भएकोले तपसिलका ऋणीहरुलाई ऋण चुक्ता गर्न आउन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र ऋणको सम्पूर्ण सावाँ, व्याज तथा हर्जना व्याज लगायत अन्य दस्तुर चुक्ता गर्न गराउनको लागि सम्वन्धित ऋणी तथा धन जमानतकर्ताहरुलाई यो सूचनाद्धारा जानकारी गराइन्छ। उक्त म्यादभित्र ऋण चुक्ता नभएमा ऋणी तथा जमानतकर्ताहरु लगायत सम्वद्ध सवैलाई संस्थाको नीति तथा कार्यविधि वमोजिम कारवाही प्रक्रिया अगाडि वढाई कर्जा सुरक्षण बापत यस संस्थालाई धितो वन्धक लेखी दिएको तपसिलमा उल्लेखित सम्पति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा कानुन वमोजिम लिलाम विक्रीको लागि आवश्यक प्रक्रिया अगाडि वढाईने व्यहोरा समेत सूचित गरिन्छ । कुनै कारणवस तपसिलमा उल्लेखित सम्पत्ति लिलाम विक्री नभएमा सो सम्पत्ति संस्था आफैले सकार गरी लिन वा अन्य व्यवस्था गरी वेचविखन गर्न सक्नेछ । उक्त सम्पत्तिवाट संस्थाको सम्पूर्ण वक्यौता रकम असुल गर्नका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी अन्य कानूनी कारवाही समेत अगाडि वढाईने व्यहोरा यसै सूचनाद्धारा सूचित गरिन्छ ।

**तपशिल**

| क्र. सं. | ऋणीको विवरण | धन/जमानीकर्ताको विवरण |
|---|---|---|
| १. | नाम : यज्ञ प्रसाद खनाल<br>बाबु : हेमनाथ खनाल<br>बाजे : धननाथ खनाल<br>ठेगाना : नर्जामण्डप -१, नुवाकोट<br>हाल : तारकेश्वर न.पा. वडा नं. ८, काठमाडौँ | नाम : गणेश प्रसाद खनाल<br>बाबु : यज्ञ प्रसाद खनाल<br>बाजे : हेमनाथ खनाल<br>ठेगाना : नर्जामण्डप -१, नुवाकोट<br>हाल : तारकेश्वर न.पा. वडा नं. ८, काठमाडौँ |
| २ | नाम : गणेश प्रसाद खनाल<br>बाबु : यज्ञ प्रसाद खनाल<br>बाजे : हेमनाथ खनाल<br>ठेगाना : नर्जामण्डप -१, नुवाकोट<br>हाल : तारकेश्वर न.पा. वडा नं. ८, काठमाडा | नाम : यज्ञ प्रसाद खनाल<br>बाबु : हेमनाथ खनाल<br>बाजे : धननाथ खनाल<br>ठेगाना : नर्जामण्डप -१, नुवाकोट<br>हाल : तारकेश्वर न.पा. वडा नं. ८, काठमाडौँ |
| | **धितोको विवरण** | |
| | धननाथ खनालको नाति हेमनाथ खनालको छोरा नुवाकोट जिल्ला साविक नर्जामण्डप गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल तारकेश्वर न.पा. वडा नं. ८, काठमाडौँ बस्ने यज्ञ प्रसाद खनालको नाममा मालपोत कार्यालय नुवाकोटको लगतमा दर्ता कायम रहेको नुवाकोट जिल्ला साविक गणेशस्थान गा.वि.स. वडा नं. ७ कित्ता नं. १७३ र १४११ को क्रमश क्षेत्रफल १-६-०-० (६९९.५२ व.मि.) र २-१-२-२ (१०६९.१५ व.मी) जग्गा र सो जग्गामा वनेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगपात समेत । | |
| ३. | नाम : प्रकाश घिमिरे<br>बाबु : चन्द्र वहादुर घिमिरे<br>बाजे : बल वहाजुर घिमिरे<br>ठेगाना : ज्यामरुककोट-१, म्याग्दी<br>हाल : टोखा न.पा. वडा नं. ९, काठमाडौँ | |
| | **धितोको विवरण** | |
| | बल वहादुर घिमिरेको नाति चन्द्र वहादुर घिमिरेको छोरा म्याग्दी जिल्ला ज्यामरुककोट -१, स्थायी घर भई हाल टोखा न.पा. वडा नं. ९, गोगंवु काठमाडौँ वस्ने प्रकाश घिमिरेको नाममा मालपोत कार्यालय डिल्लीवजार काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौँ जिल्ला साविक गोंगवु गा.वि.स. वडा नं. २, नक्सा सिट नं. १०२०९०५२२ को कित्ता नं. ८८ को क्षेत्रफल १०३.४० व.मि. जग्गा र सो जग्गामा वनेको घर र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगपात समेत । | |

### अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले (इन्डिया) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**तपसिल**

| सि.नं | मालवस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पत्तिको मूलुक राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा विक्री मूल्य MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | REFRIGERATOR | SINGLE DOOR | LG | GL-B205ARGB | 190 Ltr | INDIA | SET | NPR | 45,190/- | |

विक्रेता फर्मको नाम: सि.जी. ईम्पेक्स प्रा.लि.
ठेगाना: चौधरी हाउस, सानेपा, ललितपुर
स्थायी लेखा नं.: ३०१६०९०३६
फोन नं.: ५५२५०३९/०४१

### अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले (इन्डिया) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**तपसिल**

| सि.नं | मालवस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पत्तिको मूलुक राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा विक्री मूल्य MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | REFRIGERATOR | SINGLE DOOR | CG | CGS 1951 ST WN | 185 Ltr | INDIA | SET | NPR | 30,890/- | |

विक्रेता फर्मको नाम: सि.जी. ईम्पेक्स प्रा.लि.
ठेगाना: चौधरी हाउस, सानेपा, ललितपुर
स्थायी लेखा नं.: ३०१६०९०३६
फोन नं.: ५५२५०३९/०४१

## BEST FINANCE COMPANY LTD.
## बेष्ट फाइनान्स कम्पनी लि.

BFC
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था

प्रधान कार्यालय:
बेष्ट भवन, कमलादी, काठमाण्डौं
फोन : ०१-४५४२४६१/६२/६३

### धितोमा रहेको जायजेथा लिलाम बिक्री गर्ने बारे ३ दिने अत्यन्त जरूरी सूचना

**(सूचना प्रकाशित मिति : २०८०/०३/२५ गते सोमबारको राजधानी राष्ट्रिय दैनिक)**

यस वित्तीय संस्थाको तपसिलको शाखा कार्यालयबाट ऋण कर्जा उपभोग गर्दै आएका तपसिलमा उल्लेखित ऋणीहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी नबुझाई कर्जा लिदाका बखत गरेको शर्त उल्लघन गरी कर्जा चुक्ता नगरेको तथा कर्जा चुक्ता भुक्तान गर्न बारम्बार लिखित, मौखिक ताकेता एवं राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकाहरुमा सूचना प्रकाशित गरी जानकारी गराउदा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्न कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएको हुनाले यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले **३ दिन भित्र** संस्थामा सम्पर्क राखि संस्थालाई तिर्नु बुझाउन पर्ने बाँकि रकम चुक्ता फर्छयौट गर्न गराउन सम्बन्धित ऋणी, फर्मका प्रोप्राईटर, जमानीकर्ता तथा धितो सुरक्षण लेखि दिनु हुने जग्गाधनी समेतलाई यसै सूचना मार्फत सूचित गरिन्छ । उल्लेखित समय भित्र कर्जा चुक्ता फर्छयौट नगरे/नगराएमा ४ औं दिनमा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित जायजेथा जहाँ जे जस्तो अवस्थामा रहेको छ सोहि अवस्थामा लिलान बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्नु पर्ने भएको हुनाले तपसिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम सकार वा खरिद गरि लिन इच्छुक सर्वसाधरण महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रहि शिलबन्दी बोलपत्र पेश गर्नहुन यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपसिल :**

| ऋणीको नाम थर तथा तिन पुस्ते विवरण | संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण |
|---|---|
| **१. ऋणीको नाम: जय मा बागेश्वरी बालुवा प्रशोधन उद्योग**<br>ठेगानाः हाल राप्तिसोनारी गा.पा वडा नं. -०६, बाँके<br>दर्ता नं. १६३/६५९५/०७४/०७५,<br>दर्ता मितीः २०७४/१०/१७, पान नं. ६१००१४००६<br>**प्रोप्राइटर : इलिशा भण्डारी**<br>बुबाको नामः नेत्रमणी भण्डारी<br>ससुराको नामः झपट बहादुर रिमाल<br>पतिको नाम : बिष्णु बहादुर रिमाल<br>ठेगानाः नेपालगंज वडा नं.- १२, बाँके<br>हालः नेपालगंज उ.म.न.पा वडा नं. -०९, बाँके<br>ना.प्र.नं. ६६१०१९/२८६, जारी मितिः २०६४/०५/०२<br>जारी जिल्लाः बाँके<br>**कर्जा शिर्षकः ब्यापार कर्जा**<br>**शाखा कार्यालय : नेपालगंज, बाँके** | **क. नाम : बिष्णु बहादुर रिमाल**<br>बुबाको नामः झपट बहादुर रिमाल<br>बाजेको नामः ऋषि प्रसाद उपाध्याय<br>पत्निको नामः इलिशा भण्डारी<br>ठेगानाः गुलरीया- ४ बर्दिया<br>हालः नेपालगंज उ.म.न.पा वडा नं. -०९, बाँके<br>ना.प्र.नं. २७३५४, जारी मितिः २०५९/०३/२०<br>जारी जिल्लाः बर्दिया<br>**ख. नामः रमा कुमारी रिमाल**<br>ससुराको नामः ऋषि प्रसाद उपाध्याय<br>पतिको नामः झपट बहादुर रिमाल<br>ठेगानाः गुलरीया-२ बर्दिया<br>हालः नेपालगंज उ.म.न.पा वडा नं.-०९, बाँके<br>ना.प्र.नं. ११९१२, जारी मितिः २०२५/०१/०७<br>जारी जिल्लाः बर्दिया |
| **सुरक्षण धितोको विवरणः**<br>१. **घरजग्गा को बिवरणः** श्री इलिशा भण्डारीको नाममा मालपोत कार्यालय नेपालगंज बाँकेमा दर्ता श्रेष्ता कायम रहेको बाँके जिल्ला खासकारकादो वडा नं. ७ स्थित कि.नं १६२० को क्षेत्रफल ५०७.९३ व.मि. को जग्गा तथा सो कित्तामा बन्दै गरेको घर साथै उक्त जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।<br>२) **सावारी साधन तथा अन्य** : यस संस्थाको नाममा यातायात कार्यालय नेपालगंज बाँकेमा दर्ता कायम रहि ऋणी **जय मा बागेश्वरी बालुवा प्रशोधन उद्योग** कायम रहेको **सवारी साधन नं. लु ४ त ९४७५ र लु ४ त ९४७३** को टेक्टर थान २ । | |
| ***कैफियतः उल्लेखित सुरक्षण वापत रहेको धितोहरु मध्ये धितो सवारी साधनहरुको लागि मात्र लिलाम बिक्रीको लागि बोलपत्र आह्वान गरी यो सूचना प्रकाशित गरिएको ब्यहोरा सूचित गरिन्छ।*** | |

**पुनश्च** : माथि उल्लेखित ब्यहोरा अवगतार्थ अनुरोध गर्दै तोकिएको समय भित्र सम्पूर्ण कर्जा चुक्ता भुक्तान गरी आफ्नो सम्पत्तिको संरक्षण गर्न हुन ऋणी, जमानीकर्ता, फर्मका प्रोप्राईटर तथा धितो सुरक्षण लेखि दिनुहुने जग्गा धनी समेतलाई पूनः अनुरोध गरिन्छ । अन्यथा तोकिएको मितिमा धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री हुने भएकोले उक्त दिन समयमा नै उपस्थित भई लिलाम सम्बन्धी कार्यको प्रत्यक्ष जानकारी लिनहुन समेत यसै सूचना मार्फत सूचित गरिएको छ ।

**धितो लिलाम बिक्रीका शर्तहरु :**

१) बोलपत्र आवेदन फारम २०८०/०३/२५ गते देखि संस्थाको प्रधान कार्यालय/सम्बन्धित शाखा कार्यालयबाट रु.१०००।०० तिरी प्राप्त गर्न सकिनेछ ।
२) बोलपत्रदाताले बोलपत्र आवेदन साथ धरौटी स्वरुप आफुले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संस्थाको प्रधान कार्यालयमा रहेको (Payable Auction Deposit A/C no. 917105010080) खातामा नगद दाखिला गरी सो को सक्कल भौचर, बैंक तथा वित्तीय संस्थाले यस संस्थाको नाममा जारी गरेको बैंक जमानत (Bid Bond) वा यस संस्थाको नाममा खिचिएको बैंक तथा वित्तीय संस्थाको Good for Payment Cheque संलग्न गर्नु पर्नेछ ।
३) बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ । बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था, फर्म, कम्पनी भएमा अख्तियारनामा सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि समेत आवेदन साथ पेश गर्नुपर्नेछ ।
४) शिलबन्दी बोलपत्र फारम मिति २०८०/०३/२७ गते भित्र यस संस्थाको प्रधान कार्यालय कमलादीमा दर्ता गराई सक्नु पर्ने छ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखी आएका आवेदनहरु उपर कुनै कारबाही गरिने छैन ।
५) सो बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ४ औं दिन यस संस्थाको प्रधान कार्यालय कमलादी काठमाण्डौंमा सरकारी प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। बोलपत्र खोलिने दिन सार्वजनिक विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिनमा सोहि स्थान र समयमा बोलपत्र खोलिने छ। बोलपत्र खोलिने दिन बोलपत्रदाताहरु उपस्थित हुनुपर्नेछ तर बोलपत्रदाताहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुगेको मानिने छैन ।
६) बोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले १५(पन्ध्र) दिन भित्र धरौटि वापत जम्मा गरेको रकम कटाई बाँकी कवोल गरेका रकम यस संस्थामा जम्मा गर्नुपर्नेछ। उक्त मिति भित्र बाँकी रकम जम्मा नगरे धरौटि रकम जफत हुनेछ यसमा पछि कुनै उजुर लाग्ने छैन । स्वीकृत बोलपत्रदाताले सम्पत्ति आफ्नो नाममा दा.खा. नामसारी गर्दा लाग्ने नियमानुसारको सरकारी शुल्क/दै-दस्तुर आफैंले बुझाउन पर्नेछ ।
७) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।
८) लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट कार्यालय समयमा निरन्तर लिलामको कार्य जारी रहनेछ ।
९) यस सम्बन्धमा अन्य कुराहरु बुझ्नु पर्ने भएमा संस्थाको प्रधान कार्यालय कमलादीमा सम्पर्क राखि जानकारी लिन सकिनेछ।

**शिलवन्दी बोलपत्र खोलिने मिति : २०८०/०३/२८ गते विहिबार**
**स्थान : प्रधान कार्यालय, कमलादी, काठमाण्डौं, समय : दिउँसो ३:०० बजे**

# आर्मी र एपीएफको दोस्रो जित






**राजधानी समाचारदाता**
काठमाडौं

त्रिभुवन आर्मी क्लब र सशस्त्र प्रहरी बलको एपीएफ क्लब सातौं प्रधानमन्त्री कप एनभीए महिला तथा पुरुष राष्ट्रिय भलिबल क्लब लिग २०८० मा लगातार दोस्रो जित निकाल्दै अंक तालिकामा समान ६/६ अंकका साथ शीर्ष स्थानमा रहन सफल भएका छन् ।

आर्मीले दोस्रो दिन दोस्रो जित निकाल्ने क्रममा दावाँली मिलन क्लबलाई २-१९, २५-११, २५-२० अंकले पराजित गर्दै थप ३ अंक जोड्न सफल भएको छ। पहिलो दिनको खेलमा आर्मीले सैलुङ बाघढुंगलाई पराजित गरेर ३ अंक जोडेको थियो ।

त्यस्तै, एपीएफले पनि आइतबार भएको आफ्नो दोस्रो खेलमा गण्डकी प्रदेश भलिबल क्लबलाई ३-१ ले पराजित गर्दै थप ३ अंक जोडेको हो । पहिलो सेट २१-२५ ले गुमाएको एपीएफ खेलमा फर्कंदै लगातार बाँकी तीन सेट २५-२१, २५-२३, २५-१७ ले जित्दै खेललाई आफ्नो पक्षमा पार्न सफल भएको हो । शनिबारको पहिलो खेलमा एपीएफले दावाँली मिलन क्लबलाई पराजित गरेको थियो ।

प्रतियोगिताको दावेदार टिम टिपटप हेल्प नेपालले पनि आज आफ्नो पहिलो खेलमा सैलुंग बाघढुंगा स्पोर्टस् कलब, रामेछापलाई ३-० ले पराजित गर्दै महत्त्वपूर्ण ३ अंक जोड्न सफल भयो । ३ पाकिस्तानी खेलाडीसहित कोर्टमा उत्रेको हेल्प नेपालले सैलुंगलाई २५-१२, २५-१५, २५-१९ ले पराजित गरेको हो ।

नेपाल भलिबल संघको आयोजनमा भएको लिगको महिलातर्फको खेलमा एपीएफले आर्मीलाई ३-२ सेटले पराजित गर्दै अंक बाँड्न बाध्य भयो । संघर्षपूर्ण खेलमा पहिलो र दोस्रो सेट ३०-२८, २५-२३ ले जितेको एपीएफले तेश्रो र चौथो सेट गुमाउन पुग्यो । आर्मीले तेस्रो सेट २०-२५ र चौथो सेट १९-२५ ले जित्यो । निर्णायक तथा पाँचौं सेट आर्मीले खेलको लयलाई गुमाउन पुग्दा एपीएफले १५-६ ले जित हात पार्दै जितलाई आत्मसाथ गरेता पनि आर्मीसँग अंक बाँड्न पुग्यो ।

आइतबारको जितबाट एपीएफको २ अंक र हारका बाबजुद पनि आर्मीको १ अंक भएको छ ।

राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भएको प्रतियोगिताको महिलातर्फकै अर्को खेलमा होडवाइर्जा न्यु डायमन्ड युध स्पोर्टस् क्लबले गण्डकी प्रदेश भलिबल क्लबलाई ३-० सेटले पराजित गर्दै आफ्नो खातामा ३ अंक जोड्यो । डायमन्डले गण्डकीलाई २५-१७, २५-१६, २५-१५ ले पराजित गरेको हो ।

# १९औं एसियन गेम्सको तयारी पूरा

**राजधानी समाचारदाता**
काठमाडौं

आगामी दुई एसियाली खेलकुदका आयोजकले ४२औं ओसीए महासभलाई तयारीबारे 'अपडेट' गराएका छन् । १९औं एसियन गेम्स चीनको हाङझाउमा हुँदै छ भने २०औं एसियन गेम्स जापानको आईची/नागोयामा हुने छ। २०२२ सेप्टेम्बर हुनुपर्ने १९औं एसियन गेम्स स्थगित भएपछि यसै वर्ष २३ सेप्टेम्बरदेखि ८ अक्टोबरसम्म हुँदै छ । अब सो प्रतियोगिताक उद्घाटन समारोहका लागि ७५ दिनमात्र बाँकी छ ।

१९औं एसियाली खेलकुद आयोजना गर्न ५४ प्रतियोगितास्थल, ३१ तालिम स्थल, मुख्य एसियन गेम्स भिलेज र पाँच सहायक भिलेजन रहेको र प्रतियोगितास्थलमा एक करोडभन्दा बढीले खेलकुद तथा मनोरञ्जनात्मक गतिविधिमा सहभागी भइसकेको आयोजक समिति हयागोकले जनाएको छ।

७१ परीक्षण घटना गरिएको र २१ मिलियनभन्दा बढी नेटिजन्स डिजिटल टर्च रिलेमा सामेल भएको बताइएको छ ।

ओसीए उपाध्यक्ष सोङ लुजेडले भने, 'ओसीए, चिनियाँ ओलम्पिक कमिटिको सहयोगमा तयारी पूर्ण रूपमा भइरहेको छ । हामीले सन्तोषजनक प्रगति गरेका छौं र हाङ्जाओमा एसियालाई स्वागत गर्न हामी तयार छौं ।' हाङझाउ एसियाली खेलकुदमा ४० खेल र ४ सय ८३ इभेन्ट हुनेछन् ।

२०औं एसियाली खेलकुद जापानमा सेप्टेम्बर १९ देखि अक्टोबर ४, २०२६ सम्म हुनेछ ।

आयोजक समितिले जनाएअनुसार ४१ खेल समावेश छन् । जसमा पेरिस ओलम्पिकबाट ३२ खेल र पाँच ओसिए जोनको गरी ९ अन्य खेल समावेश गरिने भएको छ । जसमा उसु (पूर्वी एसिया), सेपाक टकराव (दक्षिण पूर्व एसिया), कबड्डी (दक्षिण एसिया) सकुराश (मध्य एसिया) र जुजित्सु (पश्चिम एसिया) समावेश हुने भएका छन् । आयोजकका तर्फबाट बेसबल/सफ्वेल र कराँते समावेश हुने भएको छ । ओसिएकाका दुई खेल स्क्वास र इस्पोस्ट छन् ।

जापानको राजधानी टोकियो एक्वाटिक्स सेन्टर र जीआरए इक्वेस्ट्रियन पार्कमा टोकियो २०२० ओलम्पिक खेल स्थलमा २०औं एसियाली खेलकुदको पौडी/डाइभिङ र इक्वेस्ट्रियन इभेन्ट आयोजना गर्ने घोषणा गरेको छ ।

उनीहरूले एसियाली खेलकुद भिलेज निर्माण गर्नुको सट्टा नागोया सहर र आईची प्रिफेक्चरमा प्रतिस्पर्धास्थलनजिक अवस्थित होटल प्रयोग गर्ने योजना पनि बनाइरहेका छन् । १९ होटलसँग वार्ता गरिरहे पनि ओसीएले सानोस्तरमै भए पनि एउटा भिलेजको व्यवस्था गर्ने सक्ने विश्वास लिएको छ ।

# मनास्लुलाई उपाधि

**राजधानी समाचारदाता**
काठमाडौं



मनास्लु वर्ल्ड कलेज र आईएस नेपालले गोल्डेनगेट इन्टरनेसनल कलेज एसईई कप थ्री बाइ थ्री बास्केटबल प्रतियोगिता उपाधि जितेका छन् । मनास्लु ब्वाइज तथा आईएस गर्ल्समा च्याम्पियन बने । बत्तीसपुतलीस्थित आयोजक गोल्डेनगेट इन्टरनेसनल कलेजको कोर्टमा आइतबार सम्पन्न फाइनलमा मनास्लुले ग्रान्डीलाई २०-१७ ले पराजित गर्‍यो ।

गर्ल्स उपाधि भिडन्तमा आईएसले आयोजकको बोर्न टु हुपलाई १६-७ ले हरायो । ब्वाइज/गर्ल्स दुवैमा पहिलो हुनेले २० हजार तथा दोस्रो हुनेले १० हजार नगद पुरस्कार हात पारे ।

ब्वाइजमा मनास्लुका कोशिश भुजेल तथा गर्ल्समा आईएसएकी सन्ध्या डंगोल 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए । दुवैले जनही ५ हजार नगद पुरस्कार पाए ।

विजेतालाई राष्ट्रिय खेलकुद परिषद्का पूर्वसदस्य-सचिव एवं गोल्डेनगेटका प्रमुख कार्यकारी अधिकृत रमेशकुमार सिलवाल र गोल्डेनगेटका प्रिन्सिपल रोहितबहादुर पौडेलले एक कार्यक्रमबीच पुरस्कृत गरे ।

तीनदिने प्रतियोगिताको ब्वाइजमा २२ टिमले लिग कम नकआउट आधारमा प्रतिस्पर्धा गरेका थिए । राउन्ड रोबिन लिगका आधारमा भएको गर्ल्सको प्रतिस्पर्धामा ४ टिम सहभागी थिए ।

# उमा कुङ्फु प्रवर्द्धन गर्दै संजित

**रामसुदन तिमल्सिना/राजधानी**
काठमाडौं

नेपालको खेलकुदका इतिहास पल्टाएर हेर्ने हो भने मार्सल आर्ट्सबाट नेपालले गर्व गर्ने नतिजा प्राप्त गरेको छ । एउटा समय थियो, दक्षिण एसियामा नै नेपाल मार्सल आर्ट्सको पावर हाउसका रूपमा चिनिन्थ्यो । भारत, पाकिस्तान र अफगानिस्तानलगायतले ठूलो छलाङ मार्दा नेपालले भने आफूलाई त्यसअनुरूप अगाडि बढाउन सकेन । यद्यपि, नेपालमा मार्सल आर्ट्सप्रतिको लोकप्रियता भने घटेको छैन । नेपालमा मार्सल आर्ट्सको विकास र लोकप्रियताको सिढीमा उमा कुङ्फुलाई अगाडि बढाउने कार्यमा संजीत राई एक हिस्सेदार हुन् ।

मार्सल आर्ट्समा उनको यात्रा तीन दशक भयो । तेक्वान्दोबाट सुरु खेलसँगको उनको नाता बक्सिङ, कुङ्फु हुँदै उमा कुङ्फुमा जोडियो । सन् १९९४ देखि उनी मार्सल आर्ट्समा होमिए ।

'बुबा तेक्वान्दोका पूर्वखेलाडी भएकाले पनि उनमा त्यसको प्रभाव पर्नु स्वाभाविक हो,' उनी भन्छन्, '१२ वर्षको उमेरमा नै मैले नेपालका चर्चित तेक्वान्दो खेलाडी विधान लामा र संगीना वैद्यसँग तेक्वान्दोमा संलग्न हुने अवसर पाएँ। बुबाआमाले नै खेल क्षेत्रमा लाग्दा हरेक ठाउँमा परिचित भइन्छ भनेर प्रेरणा दिनुभयो । शरीर स्वस्थ रहने र आत्मवल उच्च हुन्छ भन्दै उहाँहरू प्रोत्साहित गर्नु हुन्थ्यो । त्यस कारण पनि होला करिब तीन दशक बिताइसकेछु ।' आफ्नो बुबाले नै रंगशालामा तेक्वान्दोमा नै भर्ना गरिदिएको उनलाई स्मरण छ । त्यसपछि खेल यात्रा निरन्तर चलिरहेको बताउँदै उनले बुबाकै कारण आफूमा खेल संस्कार विकास भएको सुनाए ।




त्यसपछि त उनी आफूलाई जुन खेल मन पर्‍यो, त्यही खेलमा भर्ना हुन थाले । त्यसैले होला, उनी बक्सिङ र उसुका खेलाडी पनि बने । उसुबाट भने उनले राष्ट्रिय प्रतियोगितामा पदक जिते । 'अन्ततः २७ वर्षे मार्सल आर्ट्सको करियर भने उमा कुङ्फुबाट अगाडि बढेको छ। सानैदेखि मैले मार्सल आर्ट्स खेलें। यसप्रति मलाई निकै माया छ,' उनले भने, 'करियरको संघर्षपूर्ण अवस्थामा पनि मार्सल आर्ट्स बिर्सन सकिनँ। त्यसैले उमा कुङ्फुलाई नै देशको स्थापित खेलको रूपमा अगाडि बढाउन पछिल्ला दशक काम गरिरहेको छु ।' उमा कुङ्फु पनि नेपालमा मार्सल विधामध्ये एक स्थापित खेल भइसकेको छ । विश्व च्याम्पियनसिप, एसियाली र अन्य अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा नेपालले कैयौं सफलता पाएको छ ।

अस्ट्रियामा सन् २०१९ को डब्लुएमएसी विश्वकपमा पाएको सफलताले पनि यसको विकास र प्रवर्द्धनमा काम भएको पुष्टि हुन्छ । सो प्रतिस्पर्धामा नेपालले एक स्वर्ण, तीन रजत र तीन कांस्य जितेको थियो । यी सफलताका श्रेयको हकदारमध्ये संजीत पनि एक हुन् । किनकी उमा कुङ्फुको खेलाडी हुँदै प्राविधिक र प्रशासकका रूपमा उनको यस खेलमा धेरै योगदान छ ।

सन् २०१५ को उमा कुङ्फुको राष्ट्रिय च्याम्पियनसिपका स्वर्णविजेता उनले भारत, अमेरिका, जर्मन, अस्ट्रिया र बेलायतलगायत देशमा जजको भूमिकासमेत निर्वाह गरेका छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पनि उनी संयोजकको भूमिकामा छन् । उनी नेपाल टीओए कम्फु फेडेरसन डेनमार्क र इन्टरनेसनल कम्फु फेडेरसन (आईकेएफ) नेपालका महासचिव समेत हुन् । उनको यही अनुभवका कारण उमा कुङ्फुको विकासमा मद्दत मिलेको उनको बुझाई छ । एक समयका औसत खेलाडी संजीत उमा कुङ्फुको संस्थागत विकासमा होमिएका छन् । अन्तर्राष्ट्रिय निर्णायकसमेत रहेका संजीतले स्लोभेनियामा भएको डब्लुएमएसी उमा विश्व च्याम्पियनसिपअन्तर्गत ३५ वर्षमाथिको चाइनिज क्रिएटिभ विधामा स्वर्ण तथा ट्रेडिसनल विधामा कांस्य जितेका छन् । राष्ट्रिय उमा कुङफु च्याम्पियनसिप- २०१५ का स्वर्ण विजेता पनि हुन्, संजीत ।


## विज्ञापन रकम भुक्तानी सम्बन्धी

## अत्यन्त जरुरी सूचना

यस राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा प्रकाशित लोकप्रिय राष्ट्रिय दैनिक राजधानीमा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आइरहनु भएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापन दाताहरुले विज्ञापन प्रकाशित गरेबापतको बाँकी बक्यौता रकम यही मिति **२०८० असार मसान्त** भित्र भुक्तानी गरी हर-हिसाब मिलान गर्नुहुन सूचित गरिन्छ ।

साथै, यस अवधी भित्र हिसाव फछ्र्यौट तथा मिलान नगरिएमा यस प्रालिको रेकर्डमा रही आएको हिसाव नै अन्तिम मानिने र हाल उपलब्ध गराई आएको सुविधा समेत उपलब्ध नगराइने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**लेखा शाखा** | **राजधानी न्युज पब्लिकेसन प्रा.लि.**
**राजधानी भवन** : सरस्वतीनगर, चाबहिल, काठमाडौं
फोन नं. : ०१ ४८११०८०, ४८१३०२९, Ext : १०३
Email : rajdhani.acc.news@gmail.com
www.rajdhanidaily.com



स्व. महेन्द्र शेरचनद्वारा स्थापित राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा प्रकाशित तथा मुद्रित, राजधानी भवन, सरस्वतीनगर, चाबहिल, पो.ब.नं. ८०३० काठमाडौं, फोन : ४८११०८०/४८१३०२९/३०/३१/३२, E-mail : rajdhaninews@gmail.com, अध्यक्ष : नन्दा शेरचन, सम्पादक : सरोज मिश्र